मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395



नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ४ ● अंक ३१० ● २०८३ साल असार ०४ गते बिहीबार ● Thursday 18, June 2026 ● सूर्योदय: बिहान ०५:११ बजे ● सूर्यास्त: साँझ ०७:०२ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-


## दीपक भट्ट र शुलभ अग्रवाल जेल चलान

**मधेशदृष्टि**
**वीरगंज ।**
सम्पत्ति शुद्धीकरण मुद्दामा व्यवसायी दीपक भट्ट र सुलभ अग्रवाललाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश भएको छ ।
बुधबार विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट, सदस्यहरु उमेश कोइराला र विदुर कोइरालाको बेञ्चले आदेश दिएको हो । भट्टलाई २६ अर्ब ६३ करोड २७ लाख ७१ हजार ५९ रुपैयाँ बिगो कायम गरेको थियो ।
अग्रवाललाई २५ अर्ब ५९ करोड २० लाख ६ हजार १२४ रुपैयाँ बिगो कायम गरिएको थियो ।
प्रहरीले भट्टलाई चैत १९ गते, अग्रवाललाई चैत २२ गते सम्पत्ति शुद्धीकरण मुद्दाको अनुसन्धानका निम्ति पक्राउ गरेको थियो ।

# वर्षे धानका लागि मधेशका १३६ स्थानीय तहमा मल बाँडफाँड




**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारले वर्षे धान खेतीलाई लक्षित गर्दै प्रदेशका १ सय ३६ वटै स्थानीय तहमा ७ हजार ३ सय २८ मेट्रिक टन युरिया र ६ हजार ६ सय १० मेट्रिक टन डिएपी मल बाँडफाँड गरेको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले जेठ २७ गतेको निर्णयअनुसार मलको कोटा निर्धारण गरी स्थानीय तहहरूमा वितरण गरेको जनाएको छ । मन्त्रालयका अनुसार कृषि सामग्री कम्पनी लिमिटेडमार्फत उपलब्ध युरिया र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत उपलब्ध डिएपी मल जिल्लागत आवश्यकता र खेतीयोग्य क्षेत्रका आधारमा बाँडफाँड गरिएको हो।
सप्तरीका १८ स्थानीय तहका लागि ९ सय ७५ मेट्रिक टन युरिया र १ हजार ३५ मेट्रिक टन डिएपी मल छुट्याइएको छ । सिरहाका स्थानीय तहले १ हजार ७२ मेट्रिक टन युरिया र १ हजार १ सय ३७ मेट्रिक टन डिएपी मल प्राप्त गर्नेछन्।
त्यसैगरी धनुषाका लागि ९ सय २६ मेट्रिक टन युरिया र ७ सय ७८ मेट्रिक टन डिएपी, महोत्तरीका लागि ८ सय ८० मेट्रिक टन युरिया र ७ सय ४० मेट्रिक टन डिएपी तथा सर्लाहीका लागि १ हजार ९३ मेट्रिक टन युरिया र ९ सय १९ मेट्रिक टन डिएपी मल बाँडफाँड गरिएको मन्त्रालयले जनाएको छ।
रौतहटका स्थानीय तहका लागि ८ सय ७५ मेट्रिक टन युरिया र ७ सय ३६ मेट्रिक टन डिएपी, बाराका लागि ८ सय १९ मेट्रिक टन युरिया र ६८९ मेट्रिक टन डिएपी तथा पर्साका लागि ६ सय ८७ मेट्रिक टन युरिया र ५ सय ७८ मेट्रिक टन डिएपी मल उपलब्ध गराइएको छ।
मन्त्रालयले समयमै मल आपूर्ति र वितरण सुनिश्चित गरी धान रोपाइँ प्रभावित हुन नदिने उद्देश्यले बाँडफाँड गरिएको जनाएको छ। किसानलाई आवश्यक मल सहज रूपमा उपलब्ध गराउन सम्बन्धित निकायसँग समन्वय गरी वितरण प्रक्रिया अघि बढाइएको मन्त्रालयको भनाइ छ।

## नेपाल–भारत सीमा व्यवस्थापन प्रभावकारी बनाउन बैठक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल–भारत सीमा क्षेत्रको व्यवस्थापन, सीमा स्तम्भहरूको संरक्षण तथा सीमा सर्वेक्षण कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले जनकपुरधाममा नेपाल–भारत सीमा द्वितीय फिल्ड सर्वेक्षण टोली (एफएसटी)को बैठक भएको छ। दुवै देशका उच्च प्रशासनिक तथा प्राविधिक अधिकारीको सहभागितामा भएको बैठकमा सीमा क्षेत्रमा सञ्चालन भइरहेका गतिविधिको समीक्षा गर्दै आगामी कार्ययोजनाबारे विस्तृत छलफल गरिएको हो।
बैठकमा भारतको बिहार राज्यअन्तर्गत पर्ने पूर्वी चम्पारण, पश्चिमी चम्पारण, सुपौल, मधुबनी तथा सीतामढी जिल्लाका जिल्ला अधिकारी (डीएम) हरू तथा नेपालको धनुषा, महोत्तरी, पर्सा, सिराहा र सप्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी सहभागी थिए।
त्यसैगरी दुवै देशका सुरक्षा निकायका प्रमुख, नापी विभागका प्रतिनिधि, वन कार्यालयका प्रमुख, पूर्वाधारसम्बन्धी कार्यालयका अधिकारी, सम्बन्धित विभागका प्रतिनिधि तथा भारतीय वाणिज्य दूतावासका अधिकारीहरूको पनि उपस्थिति रहेको थियो।
बैठकमा यसअघि सम्पन्न पहिलो एफएसटी बैठकले गरेका निर्णयहरूको कार्यान्वयन अवस्थाबारे समीक्षा गरिएको थियो । विशेषगरी नयाँ सीमा स्तम्भ निर्माण, जीर्ण तथा क्षतिग्रस्त सीमा स्तम्भहरूको मर्मत–सम्भार तथा सीमा सर्वेक्षण कार्यको प्रगतिबारे विस्तृत छलफल भएको जनाइएको छ । दुवै देशका अधिकारीहरूले सीमा व्यवस्थापनलाई थप व्यवस्थित, सुरक्षित र प्रभावकारी बनाउन संयुक्त रूपमा कार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । साथै नेपाल र भारत सरकारबीच भएका पूर्व निर्णय तथा सहमतिहरूलाई आधार बनाएर आगामी दिनमा समेत संयुक्त कार्ययोजना तयार गरी सीमा स्तम्भहरूको संरक्षण तथा व्यवस्थापनलाई निरन्तरता दिने समझदारी भएको बताइएको छ।
नेपाल–भारत खुला सीमाको प्रभावकारी व्यवस्थापन, सीमा विवाद न्यूनीकरण तथा सीमावर्ती क्षेत्रका नागरिकको सहज आवतजावतलाई ध्यानमा राख्दै यस्ता संयुक्त बैठकहरू नियमित रूपमा आयोजना हुँदै आएका छन्।

# संघीयता सबलीकरणमा सञ्चारकर्मीको भूमिका महत्वपूर्ण



मधेशदृष्टि
जनकपुरधाम।
संघीयता नेपालको महत्वपूर्ण लोकतान्त्रिक उपलब्धि भएकाले यसको प्रभावकारी कार्यान्वयन र सबलीकरणका लागि सञ्चारकर्मीको भूमिका महत्वपूर्ण रहेको सरोकारवालाहरूले बताएका छन्।
मधेश प्रदेशको आमसञ्चार प्राधिकरणद्वारा आयोजित ‘संघीयता सबलीकरणबारे समाचार लेखन’ विषयक दुई दिने आवासीय कार्यक्रममा वक्ताहरूले संघीय शासन व्यवस्थाको सफल कार्यान्वयनका लागि तथ्यपरक र जिम्मेवार पत्रकारिता आवश्यक रहेको बताएका हुन्।
कार्यक्रममा मधेश प्रदेश सरकारकी शारदा देवी थापाले पत्रकारलाई लोकतन्त्रका निस्वार्थ पहरेदारको संज्ञा दिँदै सत्य र तथ्यमा आधारित समाचार सम्प्रेषण गर्न आग्रह गरिन्।
उनले पत्रकारिताले राज्यका निकायलाई जवाफदेही बनाउने महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै पत्रकारले कलम नचलाए समाज अन्धकारतर्फ जान सक्ने बताइन्।
मन्त्री थापाले संघीयताले महिला, बालबालिका तथा पछाडि पारिएका समुदायलाई अधिकारको पहुँचमा ल्याउन योगदान पु¥याएको उल्लेख गर्दै संघीय व्यवस्था अझ सुदृढ हुनुपर्ने धारणा राखिन्। महिलाले नेतृत्व गर्ने अवसर प्राप्त गर्नु, श्रममार्फत आत्मनिर्भर बन्नु तथा अधिकारका विषयमा खुलेर बोल्न सक्नुमा संघीयताको महत्वपूर्ण भूमिका रहेको उनको भनाइ थियो।
उनले पहुँचबाट वञ्चित समुदाय, दोभाषे सेवा आवश्यक पर्ने नागरिक तथा नागरिक अधिकारको सुनिश्चितताका लागि पनि संघीयता अपरिहार्य रहेको बताइन्।
कार्यक्रममा खिमलाल देवकोटा र भोगेन्द्र झाले संघीयताको अवधारणा, विकासक्रम तथा संघीय शासन व्यवस्थामा सञ्चारमाध्यमको भूमिकाबारे

*बाँकी पृष्ठ २ मा*

## मधेश अधिवेशनबारे सांसदहरुसँग सभापतिको छलफल


**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछाने पार्टीको मधेश अधिवेशनबारे मधेश प्रदेशका सांसदहरूसँग छलफल गरेका छन्।
सिंहदरबारस्थित रास्वपा संसदीय दलको कार्यालयमा मधेश प्रदेशका सांसदहरूसँग छलफल गरिएको हो। मधेशमा रास्वपाको पर्सा जिल्ला बाहेक अन्य जिल्लामा अधिवेशन हुनसकेको छैन । अधिवेशन नभएका पालिका र वडा तह पनि मधेशमै धेरै छन् । अन्य ६ प्रदेशमा अधिवेशन गरेर नयाँ नेतृत्व आइसक्दा आन्तरिक विवादका कारण मधेश समितिको अन्योलता कायमै छ।
यही सन्दर्भमा लामिछानेले मधेशका सांसदहरूसँग छलफल गरेका हुन् । यसैबीच राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आफ्नो प्रथम राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधि तथा पर्यवेक्षक शुल्क निर्धारण गरेको छ । पार्टीका अनुसार महाधिवेशन प्रतिनिधिले ५ हजार रुपैयाँ शुल्क तिर्नुपर्नेछ । यस्तै, पर्यवेक्षकका लागि पनि ५ हजार रुपैयाँ शुल्क तोकिएको छ भने विशेष व्यवस्थाअन्तर्गत थप सहभागिताका लागि अतिरिक्त शुल्कको व्यवस्था गरिएको जानकारी दिइएको छ। रास्वपाको महाधिवेशन असार ७ देखि ९ गतेसम्म चितवनमा आयोजना हुँदैछ।

## ट्राफिक नियम उल्लंघन नै दुर्घटनाको मुख्य कारण: महतो



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले ट्राफिक नियमको पालना नगर्नु नै सवारी दुर्घटनाको प्रमुख कारण बनेको बताएका छन्।
सडक सुरक्षा तथा ट्राफिक सचेतनामूलक सप्ताह कार्यक्रमको उद्घाटन गर्दै उनले सडक सुरक्षाका लागि बनाइएका ट्राफिक नियमहरूको पालना सबै सवारी चालकले अनिवार्य रूपमा गर्नुपर्नेमा जोड दिए।
मन्त्री महतोले ट्राफिक नियम उल्लंघनका कारण सडक दुर्घटनाका घटना बढ्दै गएको उल्लेख गर्दै चालकहरूलाई जिम्मेवार र अनुशासित बन्न आग्रह गरे । सडक सञ्जालको विस्तारसँगै सवारी साधनको संख्या तीव्र रूपमा बढिरहेको र त्यसको प्रत्यक्ष प्रभाव दुर्घटनाको

*बाँकी पृष्ठ २ मा*




# महाभारतकालीन इतिहाससँगै धर्म र पर्यटनलाई जोड्दै भुटनदेवी



**बागमती।**
बागमती प्रदेशको राजधानी मकवानपुर जिल्लाको हेटौँडा नगरपालिकाको मध्यभागमा अवस्थित भुटनदेवी मन्दिरलाई महाभारतकालीन इतिहाससँग जोडेर हेरिन्छ।

उपमहानगरपालिकाको १० नं वडामा रहेको यो मन्दिर नेपालका प्रसिद्ध शक्तिपीठमध्येमा एक मानिएको छ।

सामान्यतः हरेक दिन दर्शनार्थीको आगमन भइरहने मन्दिरमा बडादसैँलगायत महत्वपूर्ण चाडपर्व र तिथिमितिमा विशेष भीड लाग्ने गरेको मन्दिरका पुजारी बुद्धिमान राईले जानकारी दिए।

श्रद्धा भक्तिपूर्वक पूजाआजा गरेमा मनले चिताएको पुग्ने विश्वासका कारण टाढाबाट दर्शनार्थी आउने गरेको उनले बताए।

मन्दिरमा विजय दशमी तथा चैते दसैँमा विशेष पूजा हुने र त्यस समयमा ठूलो संख्यामा दर्शनार्थी आउने गरेको पाइन्छ । उक्त समयमा मन्दिरमा भक्तजनको अत्यधिक भीड हुने पुजारी रानाले बताए।

मन्दिरमा हिन्दू तथा बौद्ध धर्मावलम्बीले पूजाअर्चना तथा विभिन्न कामनासहित भाकल पूजा गर्न आउने गरेका छन्।

मन्दिरभित्र अष्टभुजा युक्त देवीको आकर्षक मूर्ति रहेको छ । मन्दिरभित्र देवीसँगै सिंह र दैत्यवधको प्रतीकात्मक मूर्तिले शक्ति र असत्यमाथि सत्यको विजयलाई देखाएको पाइन्छ।

भुटनदेवीको स्थापना सेनबंशी राजाबाट भएको मानिएको छ। देवीको पूजा दर्शन नगरी सिकार वा विजय प्राप्त गर्न गएमा उपलब्धि हासिल नहुने विश्वासका कारण तत्कालीन समयदेखि नै शासकले देवीको श्रद्धाभक्तिपूर्वक पूजा गरेर मात्रै आफ्नो कार्य थालनी गर्ने गरेको किंवदन्ती छ।

मन्दिर संरक्षण समितिका उपाध्यक्ष उत्तम शर्मा ढकालका अनुसार भुटनदेवी हेडम्बासुरकी बहिनी हेडम्बी थिइन्।

किंवदन्तीअनुसार पाँच पाण्डव वनबास आउने क्रममा हेटौँडाको जङ्गलमा हेडम्बीसँग भेट भई मायाप्रेम बसी पाण्डवमध्येका भीमसेनको विवाह भएको थियो । उनीहरूबाट कुरुक्षेत्र युद्धका नायक घटोच्कको जन्म भएको थियो । पछि हेडम्बीलाई दैवी शक्ति प्राप्त भएको र त्यसपछि उनी भुटनदेवीका रुपमा रहेको भनाइ छ। भुटनदेवीलाई दुर्गाको स्वरूप मानिन्छ । उनलाई महिषासुर मर्दिनीका रुपमा पूजाआजा गर्ने गरिएको छ।

महाभारतकालीन इतिहाससँग जोडिएको भुटनदेवी मन्दिर हेटौँडाको मात्र नभएर नेपालकै प्रसिद्ध शक्तिपीठका रुपमा प्राचीनकालदेखि पूजाआजा हुँदै आएको छ।

मन्दिरमा देशका विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन्। मन्दिरको संरक्षण र प्रवद्र्धनका लागि विभिन्न प्रयास भइरहेको उपाध्यक्ष ढकालले जानकारी दिए।

मन्दिरको ऐतिहासिकतासँगै धार्मिक महत्वलाई पर्यटनसँगसमेत जोड्न खोजिएको छ। मन्दिरमा आउने तीर्थयात्रीका साथै साधुसन्तका लागि धर्मशाला सञ्चालन गरिएको बताए।

एक दिनमा करिब करिब ४० जनासम्म राख्न सकिने धर्मशालामा सरसफाई लगायतको प्रयोजनका लागि न्यूनतम शुल्क निर्धारण गरिएको उपाध्यक्ष ढकालले जानकारी दिए।

'मन्दिरमा आउने विशिष्ट धर्मगुरुलाई अन्यलाई न्यूनतम शुल्कमा धर्मशालामा बस्नसक्ने व्यवस्था मिलाएका छौँ,' उनले भने, 'धर्मशालामा सामान्य कोठादेखि सुविधासम्पन्न वातानुकूलित (एसीसहितका) कोठासमेत रहेका छन् ।'

मन्दिरमा पुस्तौँदेखि यहाँका दनुवार समुदायका व्यक्तिले नियमिति पूजाआजा गर्दै आएका छन्।

पुजारीका लागि अन्य कुनै सेवासुविधा वा तलब नभएको र मन्दिरमा पूजाका क्रममा चढाइने दान तथा सहयोग उनीहरूकै हुने व्यवस्था गरिएको छ । मन्दिरको दीगो व्यवस्थापनका लागि अक्षयकोष स्थापनाको सुरुआत गरिएको छ।

हेटौँडाको बसपार्कबाट सडकमार्ग हुँदै करिब १५ मिनेटको पैदल यात्रामा पुग्न सकिने यस मन्दिरमा श्रद्धाभक्ति पूर्र्वका पूजाआजा गरेमा गम्भीर कठिनाइ, समस्या र डरमाथि विजय प्राप्त हुने विश्वासले पनि यहाँको धार्मिक महत्व अझै चुलिएको स्थानीयवासी सविता राईले जानकारी दिए ।प्राचीन नेपाली कला र संस्कृतिको जीवन्त चित्रण अवलोकन गर्न पाइने मन्दिर परिसर आफैँमा मनमोहक रहेका कारण यहाँ आउने जो–कोही रमाउने गरेका छन्।

मन्दिरको ऐतिहासिकता समेतलाई दृष्टिगत गरी यसको संरक्षणमा वडा कार्यालयका तर्फबाट निरन्तर सहयोग गरिराखिएको हेटौँडा नगरपालिका वडा नं १० का वडा अध्यक्ष फूर्वा दोर्जे तामाङले जानकारी दिए।

ऐतिहासिक एवं धार्मिक महत्व बोकेको उक्त मन्दिरलाई स्थानीय तह र स्थानीयवासीको पहलमा महत्वपूर्ण धार्मिक पर्यटकीय तीर्थस्थलका रुपमा विकास गर्न खोजिएको छ । रासस

# रेडक्रसमा नवगठित तदर्थ समितिको पदभार ग्रहण



**काठमाडौँ।**
नेपाल रेडक्रस सोसाइटीको नवगठित तदर्थ समितिका पदाधिकारीहरूले बुधबार रेडक्रसको केन्द्रीय कार्यालयमा पदभार ग्रहण गरेका छन्।

जेठ २६ गते मङ्गलबार बसेको मन्त्रिपरिषद्को बैठकले पुरानो तदर्थ समिति विघटन गरी दोलखाका विशालकुमार भण्डारीको अध्यक्षतामा नौ सदस्यीय नयाँ तदर्थ समिति गठन गरेको थियो।

समितिको महामन्त्रीमा ऋषिरमण खनाल, कोषाध्यक्षमा प्रेमसागर कर्माचार्य र सदस्यहरूमा वसन्तकुमार श्रेष्ठ, अविस्मी न्यौपाने, पुष्पा दास, प्रेम लामा, मोहम्मद आयतुल्ला रहमान र मञ्जु साउद (बोहरा) छन् । महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको यही जेठ २९ गतेको पत्रानुसार तदर्थ समितिलाई रेडक्रसमा डिजिटल सदस्यता प्रणाली विकास गरी दर्ता, नवीकरण, अद्यावधिक गराउने व्यवस्था गर्ने तथा सदस्यता विस्तार गर्ने जिम्मेवारी दिइएको छ । साथै समितिलाई सामाजिक सञ्जाल समेतका माध्यमबाट राष्ट्रिय अभियान सञ्चालन गर्ने, युवा सहभागिता र प्रतिनिधित्वलाई सुनिश्चित गर्न पहल गर्ने, हालको साङ्गठनिक संरचनालाई नेपालको संविधानको सङ्घीय शासकीय व्यवस्था बमोजिम पुनःसंरचना गर्ने, डिजिटल अद्यावधिक सदस्यबाट सोसाइटीको निर्वाचन गराउने लगायत जिम्मेवारी प्राप्त छ। रासस

# विदेशमा पिआर लिएर बसेका कर्मचारीलाई सरकारी सेवामा अयोग्य ठहरिने गरी कारबाही सिफारिस



**काठमाडौँ।**
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले विदेशी मुलुकको आवासीय अनुमति लिएर लामो समयदेखि कार्यालयमा अनुपस्थित रहेका दुई कर्मचारीसँग स्पष्टीकरण माग गरेको छ। मन्त्रालयले सूचना जारी गर्दै अध्ययन बिदा वा असाधारण बिदा समाप्त भएपछि आफ्नो पदाधिकार रहेको कार्यालयमा हाजिर नभई विदेशमै बसोबास गरिरहेकोले उनहरूमाथि कानुनी प्रक्रिया अघि बढाएको जनाएको हो । सूचनाअनुसार मन्त्रालयमा कार्यरत दुई जना कम्प्युटर अपरेटर अध्ययन र असाधारण बिदा सकिसकेपछी पनि लामो समयदेखि कार्यालयमा अनुपस्थित छन् । मन्त्रालयका अनुसार उनहरूले अस्थायी आवासीय अनुमति र स्थायी आवासीय अनुमति लिएको पाइएको हो।

निजामती कर्मचारीले पदमा बहाल रहँदै विदेशी मुलुकको आवासीय अनुमति लिन वा सोका लागि आवेदनसमेत दिन नपाइने कानुनी व्यवस्था छ। स्वीकृत बिदा समाप्त भएपछि ३० दिन भित्र कार्यालयमा उपस्थित हुनुपर्नेमा अनुपस्थित रही निजामती सेवा ऐनविपरीतको कार्य गरेकोले उनीहरूलाई स्पष्टीकरणको सोधिएको हो।

मन्त्रालयका अनुसार निजामती सेवा ऐन, २०४९ बमोजिम उनीहरूलाई भविष्यमा सरकारी सेवाका लागि समेत अयोग्य ठहरिने गरी कारबाही अघि बढाउनुपर्ने अवस्था देखिएकाले १५ दिनभित्र चित्तबुझ्दो आधार र प्रमाणसहित सफाइ पेश गर्न भनिएको छ ।तोकिएको अवधिभित्र स्पष्टीकरण पेश नगरे वा पेश गरिएको स्पष्टीकरण सन्तोषजनक नभए प्रचलित कानुनअनुसार थप कारबाही प्रक्रिया अघि बढाइने मन्त्रालयले जनाएको छ ।मन्त्रालयले कार्यालयमा अनुपस्थित भई विदेशमा बसोबास गरिरहेका तथा लामो समयदेखि सम्पर्कविहीन रहेका अन्य कर्मचारीहरूको अवस्थाबारे समेत अध्ययन तथा खोजी कार्यलाई तीव्रता दिएको जनाएको छ ।सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले निजामती सेवामा अनुशासन र जवाफदेहितालाई थप मजबुत बनाउन यस्ता गतिविधिमाथि निगरानी बढाइएको बताए।

मन्त्री रावलले निजामती सेवामा अनुशासन कायम गर्न मन्त्रालय प्रतिबद्ध रहेको बताउँदै कार्यालयमा अनुपस्थित रहेका कर्मचारीहरूको अवस्थाबारे अध्ययन भइरहेको र कानुनअनुसार आवश्यक निर्णय गरिने जानकारी दिए। रासस

# पत्नी झुण्डिएको अवस्थामा फेला, पति पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१३ राधेमाई टोलमा एक युवती झुण्डिएको शंकास्पद अवस्थामा मृत फेला परेकी छन् । मृत फेला परेकी युवती खुश्बु खातुन रहेको प्रहरीले जनाएको छ । घटनाको अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय पर्साले युवतीका श्रीमान अर्वाज आलमलाई पक्राउ गरेको छ ।

माइती पक्षले ससुराली पक्षमाथि हत्याको आरोप लगाएका छन् । यता, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले घटनाको अनुसन्धान जारी रहेको बताए ।

# ट्राफिक नियम उल्लंघन नै...

दरमा देखिएको उनको भनाइ थियो । 'सडक सुरक्षा ट्राफिक प्रहरीको मात्र जिम्मेवारी नभई यसमा चालक, यात्रु र आम नागरिक सबैको भूमिका महत्वपूर्ण हुन्छ,' मन्त्री महतोले भने, 'सडक प्रयोग गर्ने प्रत्येक व्यक्तिले नियम पालना गरे मात्र दुर्घटना न्यूनीकरण गर्न सकिन्छ।'

कार्यक्रममा मनोज साहले जनकपुरधाममा ई–रिक्साको संख्या तीव्र रूपमा बढ्दै गएको भन्दै चालकहरूलाई सवारी चालक अनुमति पत्र (लाइसेन्स) प्राप्त गर्ने प्रक्रिया सहज बनाउन सम्बन्धित निकायसँग आग्रह गरे। उनले धेरै ई–रिक्सा चालकहरू लिखित परीक्षामा असफल हुने कारण बिना लाइसेन्स नै सवारी सञ्चालन गरिरहेको बताए । बढ्दो ई–रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न चालक प्रशिक्षण, सचेतना तथा लाइसेन्स वितरण प्रक्रियामा सुधार आवश्यक रहेको उनको धारणा थियो।

ज्ञानेन्द्र बहादुर बस्नेतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वक्ताहरूले ट्राफिक नियम उल्लंघन र सवारी दुर्घटनाका घटनामा भइरहेको वृद्धिप्रति चिन्ता व्यक्त गर्दै सडक सुरक्षामा सबै पक्षको सहकार्य आवश्यक रहेको बताए।

ट्राफिक सप्ताहको अवसरमा रामानन्द चोकबाट प्रभातफेरी निकालिएको थियो। प्रभातफेरी महेन्द्र नारायण निधि संग्रहालयमा पुगेर समापन गरिएको थियो।

सप्ताहव्यापी कार्यक्रमअन्तर्गत चालक तथा पैदल यात्रुसँग 'एक मिनेट संवाद', पर्चा–पम्प्लेट वितरण, जनचेतनामूलक अभियान लगायतका गतिविधि सञ्चालन गरिएको आयोजकले जनाएको छ।

ट्राफिक जनचेतनामूलक सप्ताह सुरु

बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले पर्सामा 'ट्राफिक जनचेतना मूलक सप्ताह कार्यक्रम–२०८३' बुधबारदेखि सुरु भएको छ। मधेश प्रदेश प्रहरी कार्यालय जनकपुर, नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया, जिल्ला प्रहरी कार्यालय पर्सा तथा जिल्ला ट्राफिक प्रहरी कार्यालय वीरगञ्जको संयुक्त आयोजनामा सप्ताहव्यापी अभियान शुभारम्भ गरिएको हो।

असार ९ गतेसम्म सञ्चालन हुने कार्यक्रमको पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापाले उद्घाटन गरेका थिए । जनचेतनामूलक ¥याली वीरगञ्जको घण्टाघरबाट सुरु भई लिंक रोड, बसपार्क र भानुचोक हुँदै पुनः घण्टाघर पुगेर सम्पन्न भएको थियो।

¥यालीमा सहभागीहरूले ट्राफिक नियम पालना, सुरक्षित यात्रा तथा दुर्घटना न्यूनीकरण सम्बन्धी सन्देश बोकेका प्लेकार्ड र ब्यानर प्रदर्शन गरेका थिए । नेपाल स्काउटका सदस्य तथा विभिन्न विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको ¥यालीमार्फत हेल्मेट र सिटबेल्टको अनिवार्य प्रयोग, मदिरा सेवनपछि सवारी नचलाउने तथा पैदलयात्रीको सुरक्षालाई प्राथमिकता दिनुपर्ने सन्देश प्रवाह गरिएको थियो।

# नागढुङ्गा सुरुङमार्गमा साउनदेखि सञ्चालनको...

कसरी उद्धार गर्ने र सवारी व्यवस्थापन गर्ने विषयमा आवश्यक परीक्षणका काम भइराखेको छ,' उनले भने, 'सुरुङमार्ग बाहिरको पहिरो रोकथामको काममात्रै बाँकी छ ।'

नागढुङ्गा–नौबिसे सुरुङमार्गअन्तर्गत दुई हजार ६ सय ८८ मिटर कुल लम्बाइ रहेको छ । सुरुआती ठेक्का सम्झौताअनुसार यो आयोजना २६ अप्रिल २०२३ भित्रै सम्पन्न हुनुपर्ने थियो । ठेकेदार कम्पनीको ढिलासुस्ती र स्थानीयवासीको अवरोधका कारणले यो आयोजना निर्माणको कामले गति लिन नसकेको हो । आयोजनाका अनुसार अहिले सुरुङमार्ग सञ्चालन, व्यवस्थापन अभ्यासको काम हुँदै आइरहेको छ ।

आयोजनाका निर्देशक नेपालले नागढुङ्गा–नौबिसे सुरुङमार्ग उपयोग गरेबापत तिर्नुपर्ने दस्तुर (टोल) सङ्कलन गर्ने बैंकको छनोट र कार्ड छाप्नेलगायतको प्रक्रिया पनि अघि बढिसकेको दाबी गरे । आयोजनाले नागढुङ्गा–नौबिसे सुरुङमार्गमा गुड्ने सवारीसाधनबाट तीन तरिकाबाट दस्तुत तिर्न मिल्ने व्यवस्था मिलाएको छ । 'म्यानुअल' रूपमा सवारी चालकबाट नगदै लिने व्यवस्था, 'क्यूआर कोड' स्कानिङ गरेर र सवारीसाधनमा टाँस्ने स्टिकरलाई उच्च क्षमताको क्यामेरामार्फत रिड गरेर पनि भुक्तानी गर्न मिल्ने व्यवस्था मिलाइएको छ ।

बोलपत्रमार्फत युसिन एआरटी कम्पनीले एक अर्ब १० करोड रुपैयाँ लागतमा पाँच वर्षका लागि सुरुङमार्गको सञ्चालन, व्यवस्थापन र मर्मतसम्भारलगायतको जिम्मेवारी पाएको छ ।

आयोजनाका निर्देशक नेपालले सुरुङमार्ग उपयोग गर्ने सवारीसाधनबाट उठेको दस्तुर रकम व्यवस्थापकले सङ्कलन गरेर सडक बोर्ड नेपालको खातामा दाखिला गर्नुपर्नेछ । सो बोलपत्रमा १० वटा कम्पनीको आवेदन परेको थियो । कम्पनीले ३ सय ६५ दिनमा चौबिसै घण्टा सञ्चालन गर्नेछन् । 'सुरुङमार्ग व्यवस्थापन र सञ्चालनमा १ सय ५० जना जनशक्ति खटिनेछन्,' उनले भने, 'सुरुङमार्ग पूर्ण रूपमा सञ्चालनमा आउँदा दिउँसोको 'पिकआवर'मा एकैपटक ४० कर्मचारी खटिनेछन् ।' अहिले सुरुङमार्गभित्र आन्तरिक तयारीका काम भइरहेका छन् । असार महिनाभित्र सबै खालका तयारी पूरा गरेर सुरुङमार्गबाट सवारीसाधन गुडाउने लक्ष्य राखेका छौँ ।

आयोजनाका अनुसार काठमाडौँ प्रवेश तथा बाहिरिने नागढुङ्गा–नौबिसेनाका हुँदै दैनिक औसतमा दुई पाङ्ग्रेबाहेक करिब आठ हजारभन्दा धेरै साना तथा ठूला सवारीसाधन गुड्ने गर्छन् । आयोजनाका निर्देशक नेपालले नागढुङ्गा–नौबिसे सडकखण्डबाट भित्रिने र बाहिरिने सवारीसाधनमध्ये करिब ६० प्रतिशत सवारीसाधनले सुरुङमार्गको उपयोग गर्ने अनुमान गरिएको जानकारी दिए ।

आयोजनाका अनुसार यो सुरुङमार्ग हुँदै दुईपाङ्ग्रे सवारीसाधन भने चलाउन पाइने छैन ।

**यस्तो छ सुरुङमार्गबाट सवारी गुडाउँदाको शुल्क**

विसं २०८२ चैत २६ गते सरकारले राजपत्रमा सूचना प्रकाशित गरेर नागढुङ्गा–नौबिसे सुरुङमार्गमा सवारीसाधन गुडाउने शुल्क निर्धारण गरेको छ । सरकारले सवारीसाधनको क्षमताअनुसार सुरुङमार्गको प्रयोग गर्ने सवारीसाधनका लागि छुट्टाछुट्टै दस्तुर निर्धारण गरेको छ । कार, भ्यान, पिकअप, ट्याक्टर, माइक्रोबस र अन्य हलुका सवारीसाधनका लागि काठमाडौँ प्रवेश गर्दा ६५ रुपैयाँ र सोही वर्गका सवारीसाधन काठमाडौँबाट प्रस्थान गर्दा भने ६० रुपैयाँ तोकिएको छ । त्यसैगरी, मिनीबस, मिनी टिपर÷ट्रकका लागि काठमाडौँ प्रवेश गर्दा १ सय २५ रुपैया र काठमाडौँबाट प्रस्थान गर्दा भने ८० रुपैयाँ दस्तुर तोकिएको छ ।

त्यसैगरी, बस, ट्रक (सिङ्गल रियर एक्सल) सवारीका लागि काठमाडौँ प्रवेश गर्दा २ सय ६० रुपैयाँ दस्तुर तोकिएको छ । सोही सवारीसाधन काठमाडौँबाट प्रस्थान गर्दा भने २ सय रुपैयाँ दस्तुर तोकिएको छ । मल्टिएक्सल ट्रक, सवारीसाधन, भारी उपकरणका लागि काठमाडौँ प्रवेश गर्दा ६ सय रुपैयाँ दस्तुर तोकिएको छ । त्यसैगरी, काठमाडौँबाट प्रस्थान गर्दा सोही वर्गका लागि भने २ सय ५० रुपैयाँ दस्तुर तोकिएको छ ।

# संघीयता सबलीकरणमा सञ्चारकर्मीको...

सहजीकरण गरेका थिए । उनीहरूले संघीयतासम्बन्धी विषयलाई तथ्य, प्रमाण र जनसरोकारसँग जोडेर समाचार लेख्नुपर्नेमा जोड दिए।

आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गाले सञ्चार क्षेत्रको संस्थागत विकास तथा पत्रकारको क्षमता अभिवृद्धिका लागि प्राधिकरण निरन्तर सक्रिय रहेको बताए । सीमित स्रोतसाधनका बाबजुद पत्रकारलाई प्रत्यक्ष लाभ पुग्ने कार्यक्रम सञ्चालन गरिएको उल्लेख गर्दै उनले लोककल्याणकारी विज्ञापनलगायतका माध्यमबाट सञ्चार संस्था र पत्रकारलाई सहयोग गर्ने प्रयास भइरहेको बताए।

अध्यक्ष खड्गाले पत्रकारको पेशागत सुरक्षा, क्षमता विकास र सेवा सुविधा विस्तारका लागि प्राधिकरण प्रतिबद्ध रहेको बताउँदै संघीयता किन आवश्यक छ र यसलाई अझ प्रभावकारी कसरी बनाउन सकिन्छ भन्ने विषयमा गम्भीर बहस आवश्यक रहेको धारणा राखे।

उनका अनुसार संघीय संरचनाको प्रभावकारिता बढाउन मन्त्रालय तथा प्रशासनिक संरचनाको पुनरावलोकनबारे राष्ट्रिय स्तरमा पनि छलफल हुन आवश्यक छ।

दुई दिनसम्म सञ्चालन हुने कार्यक्रममा मधेश प्रदेशका विभिन्न जिल्लाका सञ्चारकर्मीलाई संघीय शासन व्यवस्था, संवैधानिक अधिकार, प्रदेश र स्थानीय सरकारको भूमिका तथा संघीयतासम्बन्धी विषयमा समाचार लेखनका व्यावहारिकपक्षबारेप्रशिक्षणदिइनेछ। सहभागी सञ्चारकर्मीहरूले संघीयता जस्ता जटिल विषयलाई तथ्यपरक, सन्तुलित र जनमुखी ढंगले प्रस्तुत गर्न यस्ता तालिम उपयोगी हुने बताएका छन् । आयोजकका अनुसार संघीयताको मर्म र उपलब्धिलाई जनस्तरसम्म प्रभावकारी रूपमा पु¥याउन पत्रकारको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो।

# मटिहानीको बजेट ४७ करोड ४५ लाख



**मधेशदृष्टि**
**महोत्तरी।**

मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरेका छन्।

मटिहानी नगरपालिकाको १७ औं नगरसभाको खुला सत्रमा नीति तथा क्रार्यक्रमसँगै आव २०८३/८४ को लागि कुल बजेट ४७ करोड ४५ लाख रुपैयाँ बनियोजन गरिएको छ। जसमा राजश्व बाँडफाँडतर्फ १० करोड ५७ लाख रुपैयाँ, सघीय सरकारतर्फ २८ करोड ८८ लाख रुपैयाँ, प्रदेश सरकारको १ करोड ४९ लाख ९५ हजार रुपैयाँ र आन्तरिक श्रोतबाट ६ करोड ५६ रुपैयाँ गरी कुल ४७ करोड ४६ लाख रुपैयाँको बजेट नगर प्रमुख मण्डलले प्रस्तुत गरेका छन्।

मेयर मण्डलको अध्यक्षतामा सम्पन्न उद्घाटन सत्रमा उनले नीति, कार्यक्रम तथा बजेटमा कृषि, शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिंदै यस आर्थिक वर्षमा यी तीनै महत्वपूर्ण विषयका साथै मटिहानीको धार्मिक, ऐतिहासिक र पर्यटकीय विकासको क्षेत्रमा समेत उल्लेख्य सकारात्मक कदम उठाउने बताएका छन्।

उनले मटिहानीको मुख्य पहिचान नै मटिहानीको विकासको मूल आधार भएकाले विगतका वर्षहरूमा मटिहानीको धार्मिक, ऐतिहासिक र पर्यटकीयका साथै पहिचानका लागि विकासका मूल फुटाउने बताए।

मधेश प्रदेशका सभामुख राम अशिष यादवको प्रमुख आतिथ्यमा सम्पन्न भएको नगरसभाबाट मेयर मण्डलले केही महत्वाकांक्षी योजनासमेत सार्वजनिक गरेका छन्।

उनले कृषि तथा पशुपालनको क्षेत्रमा थप योजनाहरूसहित यस क्षेत्रको विकासमा निरन्तरता, व्यावसायिक खेती र पशुपालनमा युवाको सहभागिता लगायतमा काम गर्ने बताए।

त्यस्तै, उद्योग वाणिज्यतर्फ विभिन्न तालिम तथा व्यवसाय सञ्चालनमा नगरपालिकाले सहयोगी भूमिका निर्वाह गर्ने उनल थपे । यता पर्यटनमा विकासका लागि मटिहानी मठलाई विश्व सम्पदा सूचीमा राख्न सरकारलाई अनुरोध गर्ने तथा मटिहानीभित्रका विभिन्न पोखरी, जलसागर, आदिको सौन्दर्यीकरणमा जोड दिने बताए।

मटिहानी नगरपालिकामा आन्तरिक तथा बाह्य पर्यटकलाई बढावा दिन नगरभित्रका मठ मन्दिर तथा मस्जिदहरूलाई पर्यटकीय स्थलको रूपमा विकास गर्न प्रचारप्रसार, वृत्तचित्र निर्माणलगायत थप संस्कृति झल्काउने भौतिक पूर्वाधारहरू विकास गरिने बताए।

त्यस्तै, शिक्षाको क्षेत्रमा मैथिली भाषाको विकास, संरक्षण तथा संवद्र्धन गर्न नगरभित्रका सामुदायिक विद्यालयको कक्षा एकदेखि आठसम्मको पाठ्यक्रममा सय अंकको मैथिली भाषा समावेश गरी अध्ययन गराइने व्यवस्था मिलाइने बताए।

त्यसै गरी मटिहानी नगरपालिका अन्तर्गत रहेका माध्यमिक विद्यालय स्तरीय बिज्ञान प्रदर्शनी मेला आयोजना समेत गरिने छ । त्यस्तै, विद्यार्थीको सूचना प्रविधिमा पहुँच पु¥याउन जोडकोषमा आधारित ल्यापटप वितरण, कक्षा ११ मा अध्ययनरत छात्राहरूलाई निःशुल्क साइकल वितरण , दलित, विपन्न, गरिब, अपांग, असहाय तथा सहिद परिवारका जेहेनदार विद्यार्थीलाई नगर प्रमुख छात्रवृत्ति पुरस्कार सहयोगको व्यवस्था गरिने कुरा नीति, कार्यक्रम तथा बजेटमा उल्लेख गरिएको छ।

यता स्वास्थ्यतर्फ मटिहानी नगरपालिकाले बर्थिङ सेन्टरले रेफर गरेको खण्डमा जनकपुरसम्मका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ। गर्भवतीका लागि अल्ट्रासाउन्ड निःशुल्क गरिनुका साथै आयुर्वेद तथा पारम्परिक चिकित्सा प्रणालीको विकास गरिने उल्लेख छायसका अलावा समावेशीकरण÷गरिबी निवारण तथा कला, संस्कृति, खेलकुद, पूर्वाधार विकास, सिँचाइ, भवन तथा सहरी विकास, सञ्चार, वातावरण तथा विपत् व्यवस्थापनसम्बन्धी नीति तथा कार्यक्रम, संस्थागत विकास तथा सुशासनसम्बन्धी नीति तथा कार्यक्रम लगायतमा आवश्यक बजेट तथा योजनाहरू सञ्चालन गरिने मेयर मण्डलले उल्लेख गरेका छन्।

# बोट एउटाः आँपका जात दुईवटा



**महोत्तरी।**

तराई–मधेशमा अहिले आँप उत्पादनका हिसाबले मध्य मौसम छ। हरेकजसो किसानका खेतबारी र बगैँचामा विभिन्न जातका आँप लटरम्म फलेका छन्।

यहाँ उत्पादन हुनेमध्ये मालदह र दशहरी जातका आँप अन्यको तुलनामा स्वादिष्ट हुने भएकाले सबैको रोजाइमा पर्दै आएको पाइन्छ।

यसैबीच, महोत्तरीको भङ्गाहा–४ रामनगरका किसान रामभगत महतोको आँगनमा भने एउटै बोटमा दुई स्वादिष्ट जातका आँप फलेका छन्। उनको घरआँगनको एउटै बोटमा ती दुवै जातका आँप फलेका छन्।

महतोले मालदहको बिरुवा भनी दुई वर्षअघि रोप्नुभएको बोटमा पहिलोपल्ट यसपालि फल लागेको हो। त्यस आँपको बोटका मुख्य दुई हाँगामा फरक–फरक जातका आँप फलेका हुन्।

किसान महतोले भने, 'हेर्नुस त एकापट्टि मालदह र यो अर्का◌े हाँगामा दशहरी फल्यो, दुवै स्वादिष्ट जातका आँप गनिन्छन् म खुसी छु।' त्यो बोटमा मालदहका दाना ठूला रहेका र दशहरीका फल औसत रूपमा साना छन्।

आँपको बिरुवामा कलमी लगाउँदा फेदतिर दशहरी र माथिल्लो भाग मलदहको हाँगो फाटेर गएको हुनसक्ने बागवानी विज्ञका रूपमा लामो सरकारी सेवाबाट अवकाश लिएका स्थानीय ताराबहादुर भुजेल बताउँछन्। तथापि, एउटै बोटमा दुई जातका आँप फल्नु दुर्लभ घटना र अपवादमा भेटिने गरेको उनको भनाइ छ।

# लागुऔषध ओसारपसारमा संलग्न दुई जना नियन्त्रणमा

**वीरगंज।**

जिल्ला प्रहरी कार्यालय पर्साले लागुऔषध गाजा ओसारपसारमा प्रयोग गरिएको सवारी साधनसहित यो कार्यमा संलग्न दुई जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले सिन्धुपाल्चोक बाह्रबीसे नगरपालिका–२ बस्ने अन्दाजी ३० वर्षीय सुभास थामी (चालक) र सो ठाउँका २८ वर्षीय छत्रबहादुर धामीलाई आठ पोका (अन्दाजी १ सय ९ केजी) लागुऔषध गाँजासहित पक्राउ गरेको जनाएको छ । विशेष सूचनाका आधारमा मंगलबार दिउँसो वीरगंज महानगरपालिका–२१ स्थित ड्राइपोर्ट परवानीपुर सडकखण्डमा जिल्ला प्रहरी कार्यालय मातहत इलाका प्रहरी कार्यालय पोखरिया तथा वडा प्रहरी कार्यालय श्रीपुरबाट खटिएको संयुक्त प्रहरी टोलीले नियन्त्रणमा दिएको प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिए । पथलैयाबाट वीरगंजतर्फ आउँदै गरेको बा१९च ५७३८ नम्बरको बोलेरो पिकअप गाडी रोकी खानतलासी गर्दा उक्त गाडीको पछाडिको डब्बामा त्रिपालले छोपी प्लाष्टिकले बेरिएको ८ पोका अं १ सय ९ केजी लागुऔषध गाँजा जस्तो देखिने पदार्थ बरामद गरी दुई व्यक्तिलाई नियन्त्रणमा लिइ आवश्यक अनुसन्धान भइरहेको प्रवक्ता बस्नेतको भनाइ छ।

# सवारी व्यवस्थापनमा सुधार

**रौतहट।**

मधेश प्रदेशको रौतहट जिल्लामा गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा सडक दुर्घनासहित जनधनको क्षति कम भएको छ।

रौतहट प्रहरीका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सडक दुर्घटनामा परी ६५ जनाको मृत्यु भएकामा चालु आर्थिक वर्षको अहिलेसम्म ४८ जनाको ज्यान गएको छ। सडक दुर्घना न्यूनीकरण तथा रोकथामका लागि जनचेतना जगाउने उद्देश्यले बुधबार आयोजित ट्राफिक सप्ताह कार्यक्रमलाई सम्बोधन गर्दै रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषालले नियमित तथा छड्के जाँचसहित सडकको सुरक्षा व्यवस्था कडाइ गरेकाले सवारी व्यवस्थापनमा सुधार आएको बताए।

उनले सवारी दुर्घटना न्यूनीकरण तथा रोकथामका लागि सचेतना र अनुशासन आवश्यक रहेको उल्लेख गर्दै आपसी समन्वय र सहकार्यसहित अझ बढी खटिएर जनताको जीउधनको सुरक्षामा समर्पित हुन जिल्लास्थित सुरक्षा संयन्त्रको ध्यानाकर्षण गरे।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रमुख राजेन्द्र थापा मगरले प्रहरी प्रशासनलाई छलेर जिल्लाको भित्री सडकमा हेल्मेट नलगाई दुरत गतिमा मोटरसाइकल चलाउने, क्षमताभन्दा बढी भार बोक्ने र लागू तथा मादकपदार्थ सेवन गरी सवारीसाधन चलाउने परिपाटी अझै रहेकाले अपेक्षा गरेअनुसार परिणाम आउन नसकेको स्पष्ट गरे।

रौतहट जिल्लामा विभिन्न आठ वटा कार्यालयमा गरी अहिले ५० देखि ६० जना ट्राफिक प्रहरी कार्यरत रहेको जानकारी दिंदै उनले भने, 'सीमित स्रोतसाधनको अधिकतम सदुपयोग गर्दै सरोकार भएका सबै पक्षसँगको सहयोग र सहकार्यमा ट्राफिक व्यवस्थापन गर्दै आएका छौँ। जिल्लामा भएका सडक दुर्घटनालाई विश्लेषण गर्दा विद्यार्थी तथा युवा पिँढी सचेत र सजग हुनुपर्ने देखिन्छ।'

रौतहट जिल्लाको विशेषगरी भित्री सडक तथा सीमावर्ती क्षेत्रमा भारतीय नम्बर प्लेटका सवारीसाधन गुड्नेक्रम अहिले पनि यथावत रहेकाले चुस्तदुरुस्त सवारी व्यवस्थापनमा केही समस्या रहेको प्रहरीले जनाएको छ।

**दुर्घटनामुक्त समाज निर्माणको सन्देश जरुरी**

दुर्घटनामुक्त समाज निर्माणको सन्देशसहित राजविराजमा ट्राफिक सप्ताह कार्यक्रम सुरु गरिएको छ।

ट्राफिक नियम पालना तथा सवारी दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले ट्राफिक सप्ताह २०८३ आयोजना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय, सप्तरीले जानकारी दिएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय राजविराज, सप्तरीको आयोजना तथा जिल्ला प्रहरी कार्यालय, सप्तरीको सहकार्यमा आयोजित प्रभातफेरीमा नेपाल प्रहरी, ट्राफिक प्रहरी, विभिन्न सङ्घसंस्था, विद्यार्थी, शिक्षक तथा सर्वसाधारण नागरिक सहभागि थिए।

'ट्राफिक नियमको पालना गरौँ, दुर्घटनाबाट आफू बचौँ र अरूलाई बचाऔँ' भन्ने मूल नारासहित निकालिएको प्रभातफेरीले राजविराज नगरका प्रमुख सडकहरू परिक्रमा गर्दै सडक सुरक्षा, सवारी अनुशासन र ट्राफिक सचेतनाको सन्देश प्रवाह गरिएको छ।

कार्यक्रममा सहभागीले ट्राफिक नियमको पालना, हेल्मेटको अनिवार्य प्रयोग, सिटबेल्ट बाँध्ने बानी, मदिरा सेवन गरी सवारी नचलाउने तथा पैदलयात्रीको सुरक्षामा विशेष ध्यान दिनुपर्ने विषयमा जनचेतनामूलक सन्देश दिएका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालयले सप्ताहभर विभिन्न जनचेतनामूलक कार्यक्रम, अन्तरक्रिया, प्रशिक्षण तथा सडक सुरक्षासम्बन्धी अभियान सञ्चालन गर्ने जनाएको छ।

बढ्दो सवारी चापसँगै दुर्घटनाका घटनालाई न्यूनीकरण गर्न समुदायको सक्रिय सहभागिता आवश्यक रहेको प्रहरीको भनाइ छ । स्थानीयवासीले यस्ता कार्यक्रमले नागरिकमा ट्राफिक सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्।

ट्राफिक सप्ताहअन्तर्गत सञ्चालन गरिएका गतिविधिले सुरक्षित, अनुशासित र दुर्घटनारहित समाज निर्माणमा टेवा पुग्ने अपेक्षा गरिएको छ।

# बारा र पर्साका औषधि पसलमा अनुगमन

**मधेशदृष्टि**
**बारा।**

बारा र रौतहटका विभिन्न स्थानमा विना इजाजत तथा विना फर्मासिस्ट औषधि पसल सञ्चालन भइरहेको उजुरीपछि औषधि व्यवस्था विभागको टोलीले अनुगमन तथा कारवाई तीव्र बनाएको छ । अनुगमनका क्रममा ४ वटा फार्मेसी सिलबन्दी गरिएको छ भने थप तीन वटा औषधि पसललाई अर्को आदेश नभएसम्मका लागि बन्द गरिएको छ। औषधि व्यवस्था विभागका निरीक्षक रवि चौधरी थारुका अनुसार विभागमा प्राप्त उजुरीका आधारमा बारा र रौतहट जिल्लाका विभिन्न स्थानमा सञ्चालित १६ वटा औषधि पसल तथा फार्मेसीमा अनुगमन गरिएको थियो । अनुगमनका क्रममा बाराको पचरौता नगरपालिकाको २ र रौतहटको वृन्दावन नगरपालिकाको १ मेडिकल हललाई स्थानीय जनप्रतिनिधि र प्रहरीको रोहबरमा सिलबन्दी गरिएको निरीक्षक थारुले जानकारी दिए। त्यसैगरी रौतहटको मौलापुर नगरपालिकास्थित ३ फार्मेसी युनिटमा फर्मासिस्टबिना औषधि बिक्री–वितरण भइरहेको भेटिएपछि ती फार्मेसीलाई अर्को निर्देशन नभएसम्मका लागि बन्द गरिएको छ। अनुगमन टोलीमा औषधि व्यवस्था विभागका अमर शर्मा, मिता कुमारी, सुजन कार्की लगायतका कर्मचारीको सहभागिता रहेको थियो।

# रामजानकी मन्दिर शिलान्याश

**मधेशदृष्टि**
**वीरगंज।**

पर्साको जगरनाथपुर गाउँपालिका वडा नं. ५ झाखरा चौकमा रामजानकी मन्दिर निर्माण कार्यको शिलान्यास गरिएको छ।

पूर्वमन्त्री तथा नेपाली कांग्रेसका केन्द्रीय सदस्य रमेश रिजालले बुधबार एक कार्यक्रमबीच मन्दिरको शिलान्यास गरेका हुन्। मधेश प्रदेश सरकार को आर्थिक सहयोगमा निर्माण हुन लागेको उक्त मन्दिरको लागत २५ लाख रुपैयाँ रहेको छ।

उपभोक्ता समितिमार्फत निर्माण गरिने मन्दिरको काम चालु आर्थिक वर्षभित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको छ । गाउँपालिकाका अनुसार निर्माण कार्य असार मसान्तभित्र पूरा गर्नुपर्नेछ । शिलान्यास कार्यक्रममा बोल्दै प्रमुख अतिथि रिजालले धार्मिक सम्पदाको संरक्षण र विकासले सामाजिक सद्भाव तथा सांस्कृतिक पहिचानलाई मजबुत बनाउने बताए।

उनले प्रदेश सरकार र स्थानीय तहबीचको सहकार्यले ग्रामीण विकासमा टेवा पुग्ने विश्वास व्यक्त गरे । कार्यक्रममा वडा नं. ५ का वडाध्यक्ष बिहारी महतो नुनिया को अध्यक्षता रहेको थियो।

# रुसका आवासीय राजदूतले भेटे उपराष्ट्रपति



**मधेशदृष्टि**
**वीरगंज।**

उपराष्ट्रपति रामसहाय प्रसाद यादव र नेपालका लागि रुसी महासंघका आवासीय राजदूत एलेक्सी भ्लादिमिरोविच सुरोभत्सेभ बीच बुधबार भेटवार्ता भएको छ । लैनचौरस्थित उपराष्ट्रपतिको कार्यालयमा भएको भेटमा द्विपक्षीय सम्बन्ध तथा आपसी हितका विविध विषयमा छलफल भएको उपराष्ट्रपतिको सचिवालयले जनाएको छ।

भेटका क्रममा राजदूत सुरोभत्सेभले नेपाल–रुस सम्बन्धलाई अझ सुदृढ बनाउन रुसी पक्षबाट निरन्तर सहयोग रहने बताए । उनले नेपाल सरकारबाट अनुरोधसहित आवश्यक सूची प्राप्त भएमा वीरगंज चिनी कारखाना र जनकपुर चुरोट कारखानालगायत औद्योगिक प्रतिष्ठानलाई पुनः सञ्चालनयोग्य बनाउन रुस सहयोग गर्न तयार रहेको जानकारी दिए । राजदूत सुरोभत्सेभले जलविद्युत्, कृषि, चिकित्सा तथा भौतिक पूर्वाधारलगायतका क्षेत्रमा समेत नेपाललाई सहयोग गर्न रुसी महासंघ इच्छुक रहेको बताए । उपराष्ट्रपति यादवले सन् १९५६ मा कूटनीतिक सम्बन्ध स्थापना भएयता नेपाल र रुसी महासंघबीच मैत्रीपूर्ण तथा सौहार्दपूर्ण सम्बन्ध कायम रहँदै आएकोमा सन्तोष व्यक्त गरे।

# छिपहरमाईका अध्यक्षलाई भ्रष्टाचार मुद्दामा सफाइ

**मधेशदष्टि**
**वीरगंज।**




भ्रष्टाचार मुद्दामा पर्साको छिपहरमाई गाउँपालिकाका अध्यक्ष मनोज कुमार गुप्तासहित पाँच जनाले विशेष अदालतबाट सफाइ पाएका छन्। विशेष अदालतले मंगलबार फैसला सुनाउँदै गाउँपालिका अध्यक्ष गुप्ता, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत सिकिन्द्रप्रसाद साह, तत्कालीन लेखापाल संजय पटेल तथा विज्ञापन एजेन्सी केएस मल्टिपर्पोज प्रालि वीरगंजका सञ्चालक कमलकुमार उपाध्यायलाई आरोपबाट सफाइ दिएको विशेष अदालतका प्रवक्ता कृष्णशरण छामिछानेले जानकारी दिए। उनका अनुसार न्यायाधीश नारायणप्रसाद पौडेल, हेमन्त रावल र डिल्लीरत्न श्रेष्ठको संयुक्त इजलासले फैसला गरेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत पुस २३ गते छिपहरमाई गाउँपालिकामा बोलपत्र आह्वानसम्बन्धी झुट्टा सूचना प्रकाशित गरी सरकारी रकम दुरुपयोग गरिएको आरोप लगाउँदै गाउँपालिका अध्यक्ष, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत, लेखापाल तथा सम्बन्धित पक्षविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो।

सम्पादकीय

# मधेशमा आवश्यकता दलको कि रोजगारी ?

नेपालको राजनीतिक परिदृश्यमा नयाँ दलहरूको उदय नौलो कुरा होइन, तर मधेश प्रदेशमा 'राष्ट्रिय एकता दल' को स्थापनाले फेरि एकपटक बहसको ढोका खोलेको छ। के मधेशलाई साँच्चिकै अर्को राजनीतिक दलको आवश्यकता छ, वा त्यहाँका जनताको प्रमुख चाहना रोजगारी सिर्जना गर्ने उद्योगहरूको स्थापना हो ? पुराना स्थापित दलहरूले मधेशको जनमतलाई सम्बोधन गर्न नसकिरहेको अवस्थामा, के यो नयाँ दलले उनीहरूको विरासत सजिलै ग्रहण गर्न सक्ला भन्ने प्रश्न गम्भीर रूपमा उठेको छ।

मधेशको राजनीति लामो समयदेखि अस्थिरता र पहिचानको मुद्दामा अल्झिएको छ। मधेश आन्दोलनको जगमा संघीयता प्राप्त भए पनि, यस क्षेत्रका जनताले अपेक्षा गरेअनुसारको आर्थिक समृद्धि र सुशासनको अनुभव गर्न पाएका छैनन् । मधेशकेन्द्रित दलहरूले पटकपटक सरकारको नेतृत्व गरे पनि, बेरोजगारी, गरिबी र पूर्वाधार विकासको अभाव जस्ता आधारभूत समस्याहरू ज्यूँका त्यूँ छन् । यस्तो अवस्थामा, नयाँ दलको आगमनले जनतामा आशा जगाउन सक्छ, तर विगतका अनुभवहरूले नयाँ दलहरूले पनि पुरानै शैली र एजेन्डा दोहोर्याउने हुन् कि भन्ने आशंका पनि उत्तिकै छ।

नयाँ दलका लागि पुराना दलहरूको विरासत ग्रहण गर्नु त्यति सहज छैन। मधेशमा स्थापित दलहरूले जनताको विश्वास गुमाउँदै गए पनि, उनीहरूको संगठनात्मक संरचना र प्रभाव अझै पनि बलियो छ । नयाँ दलले जनताको मन जित्नका लागि केवल राजनीतिक नारा मात्र होइन, ठोस कार्ययोजना र त्यसलाई कार्यान्वयन गर्ने प्रतिबद्धता देखाउनुपर्छ। विशेषगरी, मधेशका युवाहरूमा बढ्दो बेरोजगारीको समस्यालाई सम्बोधन गर्न सक्ने क्षमता नयाँ दलमा हुनुपर्छ। अन्यथा, यो पनि अर्को एक राजनीतिक प्रयोग मात्र बन्न सक्छ।

मधेशको दीर्घकालीन विकासका लागि राजनीतिक दलहरूको संख्या बढाउनुभन्दा रोजगारी सिर्जना गर्ने उद्योगहरूको स्थापना अपरिहार्य छ। कृषिमा आधारित अर्थतन्त्र र सीमित औद्योगिक विकासले गर्दा मधेशका युवाहरू रोजगारीका लागि विदेशिन बाध्य छन् । राजनीतिक स्थिरता र सुशासनले मात्र लगानी आकर्षित गर्न सक्छ, जसले उद्योगधन्दाको विकास र रोजगारी सिर्जनामा मद्दत गर्छ । कुनै पनि दलले मधेशको वास्तविक समस्यालाई बुझेर आर्थिक क्रान्तिको एजेन्डा अगाडि सार्न सकेमा मात्र जनताको विश्वास जित्न सक्छ।

अन्त्यमा, मधेशमा राष्ट्रिय एकता दलको स्थापनाले राजनीतिक विकल्पको ढोका खोलेको छ। तर, यसको सफलता मधेशका जनताको वास्तविक आवश्यकता, अर्थात् रोजगारी र आर्थिक समृद्धिलाई कत्तिको प्राथमिकता दिन्छ भन्नेमा निर्भर गर्छ । केवल सत्ता प्राप्तिको दौडमा मात्र सीमित नभई, मधेशको सामाजिक–आर्थिक रूपान्तरणका लागि स्पष्ट दृष्टिकोण र कार्यान्वयन क्षमता भएको दलले मात्र पुराना दलहरूको विरासतलाई चुनौती दिन र जनताको मन जित्न सक्छ। मधेशलाई अब दल होइन, दिगो विकास र रोजगारीको सुनिश्चितता चाहिएको छ।

# समग्र आरोग्यता र सर्वकल्याणतर्फको अन्तरयात्रा



–डिल्लीराज पौडेल

'पूर्ण आफूलाई बुझ्ने यात्रा अपूर्ण आफूभित्रैबाट सुरु हुन्छ।' जब मानिस बाहिरी संसारको दौडधुपबाट केही क्षणका लागि फर्केर आफ्नै अन्तरात्माको ढोकामा पुग्छ, तब आत्मखोजको वास्तविक यात्रा प्रारम्भ हुन्छ। जीवनका अनगिन्ती जिम्मेवारी, उपलब्धि, सम्बन्ध, सफलता र सङ्घर्षका बीचमा एक क्षण यस्तो पनि आउँछ, जब मानिसले आफूलाई आफैँसँग प्रश्न गर्छ; 'म वास्तवमा को हुँ ?'

मानव सभ्यताको सम्पूर्ण इतिहास जति पुरानो छ, त्यो प्रश्न पनि त्यति नै पुरानो छ। यही प्रश्नले ऋषिहरूलाई ध्यानमा डुबायो, दार्शनिकलाई गहिरो चिन्तनमा हरायो, कविहरूलाई शब्द दियो र वैज्ञानिकलाई सत्यको निरन्तर खोजतर्फ प्रेरित ग¥यो । समय बदलियो, सभ्यताहरू बदलिए, विज्ञान र प्रविधिले अभूतपूर्व उन्नति ग¥यो तर मानव अन्तरमनमा गुञ्जिरहने यो प्रश्न आज पनि उत्तिकै जीवन्त छ किनकी बाहिरी संसारलाई बुझ्नु र जित्नु जति चुनौतीपूर्ण छ, त्यसभन्दा अझ गहिरो यात्रा आफ्नै अन्तरचेतनालाई बुझ्ने, भेट्ने र अनुभूति गर्नुमा छ।

एक समय यस्तो पनि थियो, जब बाहिरी उपलब्धिहरूले नै जीवनको पूर्णता दिनेछन् भन्ने विश्वास स्वाभाविक लाग्दथ्यो । जिम्मेवारी, पद, प्रतिष्ठा, सफलता र सामाजिक मान्यताका विभिन्न चरणहरू पार गर्दै जाँदा एउटा प्रश्न भने भित्र कतै मौन रूपमा जीवित रहिरह्यो; के यति नै जीवन हो ? बाहिरी उपलब्धिहरू बढ्दै गए, अनुभवहरू विस्तार हुँदै गए, संसारलाई बुझ्ने अवसर प्राप्त हुँदै गए तर भित्री खोज समाप्त भएन। बरु समयसँगै अनुभूति हुन थाल्यो कि मानिसले संसारलाई जति बुझ्दै जान्छ, आफूलाई बुझ्ने आवश्यकता त्यति नै गहिरिँदै जान्छ। यही अनुभूतिले अन्ततः आत्मखोजको यात्रालाई भित्री दिशातर्फ मोडिदिन्छ।

**आधुनिक युग र चेतनाको सङ्कट**

आजको मानव समाज अभूतपूर्व परिवर्तनको युगमा प्रवेश गरिसकेको छ । विज्ञान, प्रविधि, सञ्चार र भौतिक विकासका क्षेत्रमा मानव सभ्यताले उल्लेखनीय प्रगति हासिल गरेको छ। सुविधा बढेका छन्, सम्पर्कका माध्यम विस्तार भएका छन्, जीवनशैली आधुनिक बनेको छ र संसार पहिलेभन्दा धेरै सानो तथा पहुँचयोग्य भएको छ। अर्कोतर्फ यही समयमा मानिसभित्रको शान्ति, सन्तुलन र आत्मीयता भने क्रमशः कमजोर हुँदै गएको अनुभव गर्न सकिन्छ। भौतिक समृद्धि बढेको छ तर मानसिक तनाव पनि बढेको छ। सूचनाको पहुँच बढेको छ, तर आत्मज्ञानको गहिराइ घटेको छ । सम्पर्क बढेका छन् तर सम्बन्धहरूको आत्मीयता कमजोर भएको छ।

सुविधाहरू बढेका छन्, तर सन्तुष्टि घटेको छ। आज मानिससँग सूचना छ तर अन्तर्दृष्टि कम छ। ज्ञान छ, तर आत्मज्ञान कम छ। साधनहरू छन्, तर साधना कम छ। बाहिरी उपलब्धिहरू छन्, तर भित्री सन्तुलन क्रमशः दुर्लभ बन्दै गएको छ । डिजिटल युगले मानव जीवनलाई एकातिर जोडेको छ भने अर्कोतिर विचलित पनि बनाएको छ। निरन्तर सूचना प्रवाह, सामाजिक सञ्जाल, कृत्रिम बुद्धिमत्ता र तीव्र प्रतिस्पर्धाले बाहिरी संसारसँगको सम्बन्ध विस्तार गरेको छ तर धेरै मानिस आफ्नै अन्तरचेतनासँग टाढिँदै गएका छन्।

आज विश्व मानसिक तनाव, एक्लोपन, असहिष्णुता, हिंसा, वातावरणीय सङ्कट र मूल्यगत विचलनका चुनौतीहरूसँग जुधिरहेको छ। यी समस्याको समाधान केवल आर्थिक स्रोत, प्रविधि वा नीतिगत सुधारले मात्र सम्भव हुँदैन। यसको मूलमा मानव चेतनाको गुणस्तर पनि उत्तिकै महत्त्वपूर्ण रूपमा जोडिएको हुन्छ। सचेत व्यक्तिबिना सचेत समाज निर्माण हुन सक्दैन। सचेत समाजबिना दिगो शान्ति सम्भव हुँदैन । त्यसैले आत्मबोधको यात्रा केवल व्यक्तिगत विषय होइन; यो सामाजिक, राष्ट्रिय र विश्वव्यापी महत्त्वको विषय पनि हो ।यही कारणले आधुनिक युगको सङ्कट केवल आर्थिक, राजनीतिक वा सामाजिक सङ्कट मात्र होइन; यो चेतनाको सङ्कट पनि हो।

ज्ञान र विज्ञानको वैभवले मानिसलाई संसार चिनायो तर आत्मज्ञानको अभावले मानिसले आफूलाई चिन्न सकेन । यही नचिनेको अस्तित्वको खोजमा मानिस जीवनभर भौँतारिरहन्छ । शरीरलाई आफू ठानिन्छ, विचारलाई आफू ठानिन्छ, भावनालाई आफू ठानिन्छ, पद र प्रतिष्ठालाई आफू ठानिन्छ। तर समयसँगै यी सबै परिवर्तन भइरहन्छन् । शरीर बदलिन्छ । विचार बदलिन्छन्। परिस्थितिहरू बदलिन्छन्। सम्बन्धहरू बदलिन्छन् । दृश्य संसार स्वभावतः अस्थिर र परिवर्तनशील छ। तर एउटा सत्य सधैँ अपरिवर्तित रहन्छ; सबै अनुभवलाई अवलोकन गर्ने चेतनाको मौन उपस्थिति यही उपस्थिति आत्मबोधको यात्राको प्रवेशद्वार हो।

**समग्र आरोग्यताको आवश्यकता**

आधुनिक युगले मानव जीवनलाई अभूतपूर्व सुविधा प्रदान गरेको छ । विज्ञान र प्रविधिको विकासले जीवनलाई सहज बनाएको छ, स्वास्थ्य सेवाको पहुँच बढाएको छ, ज्ञान र सूचनाको संसारलाई औँलाको स्पर्शमै ल्याइदिएको छ तर यति धेरै प्रगतिका बीचमा पनि एउटा प्रश्न झन् गम्भीर रूपमा उठ्न थालेको छ; के मानिस वास्तवमै स्वस्थ, सन्तुलित र सुखी छ ? यही प्रश्नले आज विश्वभर स्वास्थ्यको परम्परागत अवधारणालाई पुनर्विचार गर्न प्रेरित गरिरहेको छ।

स्वास्थ्य अब केवल रोगको अनुपस्थिति मात्र होइन भन्ने बुझाइ विस्तार हुँदै गएको छ। यसको स्थान समग्र आरोग्यताको अवधारणाले लिँदै गएको छ । समग्र आरोग्यता भनेको शरीर स्वस्थ हुनु मात्र होइन । यो शारीरिक, मानसिक, भावनात्मक, सामाजिक, आध्यात्मिक र वातावरणीय सन्तुलनको एकीकृत अवस्था हो । यस्तो अवस्था जहाँ मानिस केवल बाँचिरहेको हुँदैन, बरु सचेत रूपमा जीवनलाई अनुभव गरिरहेको हुन्छ। जहाँ जीवन केवल दिनहरू बिताउने प्रक्रिया हुँदैन, बरु अर्थपूर्ण, सन्तुलित र आनन्दपूर्ण अस्तित्वको अनुभूति बन्दछ।

शारीरिक स्वास्थ्यले जीवनलाई ऊर्जा प्रदान गर्छ । मानसिक सन्तुलनले स्पष्टता र स्थिरता दिन्छ । भावनात्मक परिपक्वताले सम्बन्धहरूलाई स्वस्थ बनाउँछ। सामाजिक सद्भावले सहअस्तित्वलाई सुदृढ बनाउँछ। आध्यात्मिक चेतनाले जीवनलाई गहिरो अर्थ र दिशा प्रदान गर्दछ। वातावरणीय सन्तुलनले सम्पूर्ण अस्तित्वसँगको सम्बन्धलाई सुरक्षित र जीवन्त बनाउँछ । यी सबै आयामहरू एकअर्कासँग गहिरो रूपमा जोडिएका छन्। कुनै एकपक्ष असन्तुलित हुँदा त्यसको प्रभाव सम्पूर्ण जीवनमा देखिन थाल्दछ।

आजको युगमा मानिससँग धन, पद, प्रतिष्ठा र सुविधा प्रशस्त हुन सक्छन् तर यदि मन अशान्त छ, सम्बन्धहरू तनावपूर्ण छन्, जीवनको उद्देश्य अस्पष्ट छ र चेतना विचलित छ भने बाहिरी उपलब्धिहरूले दीर्घकालीन सन्तुष्टि दिन सक्दैनन् । यही कारणले आरोग्यता विलासिताको विषय होइन, जीवनको आधारभूत आवश्यकता बनेको छ।

विश्वभर मानसिक स्वास्थ्य, मानव सुख, सामाजिक सद्भाव, वातावरणीय सन्तुलन र दिगो विकासबारे बढ्दो बहसले एउटा महत्वपूर्ण सत्य उजागर गरेको छ। आर्थिक प्रगति मात्र पर्याप्त छैन। भौतिक समृद्धि मात्र विकासको पूर्ण मापदण्ड हुन सक्दैन। यदि विकासले मानिसको चेतना, करुणा, सन्तुलन र जीवनको गुणस्तरलाई उन्नत गर्न सकेन भने त्यो विकास अधुरो रहन्छ । आज विश्वले विकासको नयाँ परिभाषा खोजिरहेको छ। यस्तो विकास जसले केवल पूर्वाधार निर्माण मात्र नगरी मानव चेतनाको पनि विकास गरोस्। यस्तो समृद्धि जसले केबल उपभोग बढाउने होइन, जीवनको अर्थलाई पनि गहिरो बनाओस्। यस्तो प्रगति जसले बाहिरी सुविधा मात्र होइन, भित्री शान्तिलाई पनि पोषण गरोस्। यही सन्दर्भमा जीवन विज्ञानको दृष्टिकोण विशेष रूपमा सान्दर्भिक देखिन्छ । जीवन विज्ञानले आरोग्यतालाई केवल स्वास्थ्य कार्यक्रम, उपचार पद्धति वा जीवनशैली सुधारको विषयका रूपमा मात्र हेर्दैन । यसले आरोग्यतालाई आत्मबोध, चेतना जागरण र समग्र कल्याणसँग जोडिएको जीवनदर्शनका रूपमा प्रस्तुत गर्दछ। सारगत रूपमा, आरोग्यता कुनै अन्तिम उपलब्धि होइन; बरु यो निरन्तर विकसित हुने जीवन प्रक्रिया हो। यो आफूलाई बुझ्ने, आफ्ना विचार र भावनालाई परिष्कृत गर्ने, शरीर र मनलाई सन्तुलित बनाउने तथा चेतनालाई जागृत गर्ने निरन्तर साधना हो।

यस यात्रामा मानिस बाहिरी सफलतासँगै भित्री शान्ति, आत्मीयता र अस्तित्वगत पूर्णताको अनुभूतितर्फ अग्रसर हुन्छ । यही बिन्दुबाट जीवन विज्ञानको वास्तविक यात्रा सुरु हुन्छ। बाहिरी संसारलाई परिवर्तन गर्ने प्रयासभन्दा पहिले आफूलाई बुझ्ने र रूपान्तरण गर्ने यात्रा। समग्र कल्याणको आधार बाहिर होइन, अन्ततः मानिसको आफ्नै चेतनाभित्र स्थापित हुन्छ।

**दुःख मोक्ष, आनन्द प्राप्ति र समग्र कल्याण**

जीवन विज्ञानले मानव जीवनको मूल उद्देश्यलाई अत्यन्त सरल तर गहिरो रूपमा व्यक्त गर्दछ; दुःख मोक्ष र आनन्द प्राप्ति। मानव जीवनका अधिकांश प्रयत्नहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा यही दुई आकाङ्क्षाका वरिपरि केन्द्रित हुन्छन् । मानिस दुःखबाट मुक्त हुन चाहन्छ र आनन्दको अनुभव गर्न चाहन्छ तर प्रायः दुःखका कारण बाहिर खोजिन्छ र आनन्दको स्रोत पनि बाहिरै खोजिन्छ।

जीवन विज्ञानले दुःखको मूल कारण बाहिरी संसार होइन, आफ्नै वास्तविक स्वरूपबाट टाढा हुनु हो भन्ने सिकाउँछ । जब मानिस शरीर, विचार, भावना वा बाहिरी पहिचानलाई मात्र आफ्नो सम्पूर्ण अस्तित्व ठान्दछ, तब परिवर्तनशील कुरासँगको आसक्तिले दुःख जन्माउँछ । परिवर्तनलाई स्थायी बनाउन खोज्दा निराशा उत्पन्न हुन्छ र अस्थिरलाई स्थिर बनाउन खोज्दा पीडा उत्पन्न हुन्छ। यसले मानिसलाई अन्तहीन खोज र असन्तुष्टिको चक्रमा राखिरहन्छ तर जब चेतनासँग पुनःसम्बन्ध स्थापित हुन थाल्छ, जीवनप्रतिको दृष्टि परिवर्तन हुन्छ । दुःख शत्रुजस्तो लाग्दैन; बरु आत्मबोधतर्फ डो¥याउने शिक्षकजस्तो अनुभूत हुन्छ । चुनौती दण्ड होइनन्; चेतनाको परिपक्वताका अवसरजस्ता देखिन थाल्छन्। पीडाले पनि जीवनको गहिरो अर्थ बुझाउने माध्यमको रूप लिन्छ। जब मन वर्तमान क्षणमा स्थिर हुन थाल्दछ, श्वासमा सजगता आउँछ र चेतना क्रमशः जागृत हुँदै जान्छ, तब आनन्द कुनै बाह्य उपलब्धिको परिणामका रूपमा होइन, आफ्नै स्वाभाविक स्वरूपका रूपमा प्रकट हुन पुग्दछ। यस्तो आनन्द परिस्थिति, उपलब्धि, प्रशंसा वा भौतिक सफलतामा निर्भर हुँदैन। यो त भित्री सन्तुलन, सजग चेतना, आत्मीय सम्बन्ध र सच्ची भावबाट सहज रूपमा प्रवाहित हुने गहिरो अनुभूति हो, जसले व्यक्तिलाई शान्ति, सन्तुष्टि र समग्र कल्याणको दिशातर्फउन्मुख गराउँछ । यही अनुभूतिबाट समग्र कल्याणको यात्रा सुरु हुन्छ । समग्र कल्याण केबल व्यक्तिगत सुख वा मानसिक शान्ति मात्र होइन; यो शरीर, मन, भावना, सम्बन्ध, समाज, प्रकृति र चेतनाबीचको सन्तुलित सामञ्जस्यको अवस्था हो । जहाँ व्यक्ति स्वयंभित्र शान्त हुन्छ, सम्बन्धमा करुणा विकसित हुन्छ, समाजप्रति उत्तरदायित्व प्रकट हुन्छ र सम्पूर्ण अस्तित्वप्रति सम्मानको भावना जागृत हुन्छ।

जब शरीर योगद्वारा सन्तुलित हुन्छ, श्वास प्राणायामद्वारा परिष्कृत हुन्छ, मन ध्यानद्वारा शान्त हुन्छ र चेतना आत्मजागरणतर्फ उन्मुख हुन्छ। जीवन क्रमशः आफ्नो मौलिक स्वरूपतर्फ फर्कन्छ । अभ्यास केबल विधि मात्र रहँदैनन्। ती जीवन जिउने शैलीका रूपमा स्थापित हुन्छन्। सजगता ध्यानको समयमा मात्र सीमित रहँदैन। यो दैनिक व्यवहार, सम्बन्ध, निर्णय र जीवन दृष्टिमासमेत अभिव्यक्त हुन्छ । सच्चा भावसहितको यस्तो जीवनदृष्टिले व्यक्तिलाई भित्री सन्तुलनतर्फ उन्मुख गराउँछ । यसबाट शान्ति, आनन्द र समग्र कल्याणको अनुभूति विकसित हुन्छ । त्यसपछि विस्तारै अनुभूति हुन थाल्छ कि बाहिर खोजिएको शान्ति आफ्नै अन्तरमनभित्र थियो । खोजिएको प्रेम आफ्नै चेतनाको स्वाभाविक गुण थियो । खोजिएको आनन्द आफ्नै अस्तित्वको मौलिक स्वरूप थियो। र खोजिएको पूर्णता पनि सधैँदेखि आफ्नै अन्तरदीपभित्र निहित थियो । यही अनुभूतिले दुःख मोक्षलाई सम्भव बनाउँछ, आनन्दलाई स्वाभाविक बनाउँछ र समग्र कल्याणलाई जीवनको जीवित यथार्थमा रूपान्तरण गर्छ। रासस

# उज्यालो बन्दै छ विश्वप्रसिद्ध एबिसी पदमार्ग

राम थापा र कृष्ण दबाडी/रासस

**कास्की ।**

विश्वप्रख्यात अन्नपूर्ण आधार शिविर (एबिसी) पदमार्गमा पदयात्रा गर्ने स्वदेशी तथा विदेशी पर्यटकका लागि अब पदयात्रामा अझै सहज हुने भएको छ ।

नेपाल विद्युत् प्राधिकरणले अन्नपूर्ण पदमार्गअन्तर्गत पर्ने अन्नपूर्ण गाउँपालिका वडा ११ झिनुडाडादेखि माथिल्लो सिनुवासम्म राष्ट्रिय प्रसारण लाइन विस्तार गरेसँगै यस क्षेत्र उज्यालो बनेको हो ।

कास्की जिल्लाका प्रमुख पदमार्गमा विद्युतीकरण गर्ने सरकारी योजनाअनुसार अन्नपूर्ण गाउँपालिकाको पर्यटकीय क्षेत्र झिनु डाडादेखि माथिल्लो सिनुवासम्म राष्ट्रिय प्रसारण लाइनको विद्युत् पुर्याइएको हो । यससँगै वर्षौँदेखि माइक्रो हाइड्रो र वैकल्पिक ऊर्जामा निर्भर स्थानीय बासिन्दा, होटल व्यवसायी र पर्यटकले अब भरपर्दो विद्युत् सेवा पाउने भएका छन् ।

यसबाट विशेष गरेर पर्यटन व्यवसायी औधी रमाएका छन् । अन्नपूर्ण ११ झिनुमा विगत २० वर्षदेखि होटल व्यवसाय गर्दै आउनुभएका जगदीश गुरुङले भने ' यहाँ राष्ट्रिय प्रसारण लाइन विद्युत आउनु औधी खुसीको कुरा हो । अव यहाँको पर्यटन अझ प्रवद्र्धन हुने छ ।'उनका अनुसार झिनुडाडादेखि माथिल्लो सिनुवासम्म ठूला साना गरी ६०÷७० होटल सञ्चालनमा आइसकेका छन् ।

अन्नपूर्ण ११ छोम्रोङका होटल व्यवसायी मिकाश गुरुङले राष्ट्रिय प्रसारण लाइन विद्युत सेवाले पदयात्रीलाई समेत थप सहज बन्ने विश्वास व्यक्त गरे । राष्ट्रिय प्रसारण लाइन पुगेपछि पदयात्रीले मोबाइल चार्जिङ, तातोपानी, इन्टरनेट तथा अन्य विद्युतीय सेवामा थप सहज हुने जनाइएको छ । । होटल व्यवसायीका अनुसार अब पर्यटकलाई चौबिसै घण्टा विद्युत् सुविधा उपलब्ध गराउन सकिने भएकाले सेवाको गुणस्तरमा उल्लेखनीय सुधार आउनेछ ।

नेपाल विद्युत् प्राधिकरण पोखरा वितरण केन्द्रका इन्जिनियर सजीवश्री रम्तेलका अनुसार घान्द्रुक बसपार्कबाट झिनु र छोम्रोङ हुँदै माथिल्लो सिनुवासम्म लाइन विस्तार गरी विद्युत् प्रवाह सुरु भइसकेको छ । उनले भने, 'घान्द्रुक बसपार्कदेखि माथिल्लो क्षेत्रमा राष्ट्रिय प्रसारण लाइन पुगेको थिएन । अहिले अपर सिनुवासम्म लाइन विस्तार गरी चार्जसमेत भइसकेको छ र स्थानीयले मिटर जडान गर्न थालेका छन् ।'

यस क्षेत्रमा विद्युतीकरणका लागि २०७९ सालमा पहिलोपटक बोलपत्र आह्वान गरिएको थियो । पहिलो बोलपत्रअनुसार छनोट भएको कम्पनीले सम्झौता नगरेपछि पुनः ठेक्का आह्वान गरिएको थियो । बीएनआर महालक्ष्मी जेभी, धनकुटाले लेवर कन्ट्र्याक्टबापत दुई करोड २१ लाख रुपैयाँको लागतमा आयोजना सम्पन्न गरेको हो ।

दुर्गम हिमाली भूगोलका कारण आयोजना कार्यान्वयन चुनौतीपूर्ण बनेको थियो । विशेषगरी छोम्रोङभन्दा माथिल्लो क्षेत्रमा विद्युत् पोल र ट्रान्सफर्मर हेलिकप्टरमार्फत ढुवानी गरेर लाइन विस्तार गरिएको प्राधिकरणले जनाएको छ ।

'पदयात्रीलाई मोबाइल चार्ज गर्न, पानी तताउन र इन्टरनेट चलाउन समस्या हुन्थ्यो । राष्ट्रिय प्रसारण लाइन पुगेपछि ती समस्या धेरै हदसम्म समाधान भएका छन्,' इन्जिनियर रम्तेलले भने ।

प्राधिकरणले आगामी आर्थिक वर्षभित्रमा एबिसी पदमार्गमा पर्ने हिमालयसम्म राष्ट्रिय प्रसारण लाइन विस्तार गर्ने योजना बनाएको छ । सामग्री अभावका कारण हालका लागि काम रोकिए पनि आगामी वर्ष विस्तारलाई निरन्तरता दिइने प्राधिकरणले जनाएको छ ।

स्थानीयवासीका अनुसार विद्युत् पहुँच विस्तारले पर्यटन व्यवसायमात्र नभई शिक्षा, स्वास्थ्य, सञ्चार तथा स्थानीय आर्थिक गतिविधिमा समेत सकारात्मक प्रभाव पार्नेछ । अन्नपूर्ण गाउँपालिका–११ का वडाध्यक्ष हिमबहादुर गुरुङले आधुनिक विद्युत् सुविधा विस्तारले अन्नपूर्ण पदमार्गको पर्यटन प्रवद्र्धनमा नयाँ ऊर्जा थप्ने विश्वास व्यक्त गरे । 'पदयात्रीले अब यस क्षेत्रमा पदयात्रामा आउँदा समस्या भोग्नु पर्दैन, यसबाट सहज सञ्चार सुविधाका लागि सहयोग पुगेको छ,' गुरुङले भने ।

विश्वकै लोकप्रिय पदयात्रा गन्तव्यमध्ये एक अन्नपूर्ण आधार शिविर पदमार्गमा राष्ट्रिय प्रसारण लाइन पुगेपछि पर्यटकको बसाइमा तथा यात्रा थप सहज, सुरक्षित र गुणस्तरीय बन्ने अपेक्षा गरिएको छ । यसबाट थप पर्यटक आगमन वृद्धि हुने स्थानीयले विश्वास लिएका छन् ।

**अन्नपूर्ण क्षेत्रमा अहिलेसम्मकै धेरै पर्यटक**

अन्नपूर्ण संरक्षण क्षेत्रमा यस वर्ष अहिलेसम्मकै धेरै विदेशी पर्यटक भित्रिएका छन् । चालु आवको जेठसम्ममा चार लाख ४१ हजार ४२२ पर्यटकले यस क्षेत्रको भ्रमण गरेका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले जनाएको छ । आव २०८१÷८२ मा जम्मा दुई लाख ७८ हजार ११३ विदेशी पर्यटक अन्नपूर्ण क्षेत्रमा पुगेका थिए । चालु आव सकिन अझै एक महिना बाँकी रहेकाले यस वर्ष पर्यटकको संख्या थप बढ्ने आयोजना प्रमुख डा रविन कडरियाले बताए ।

'गत जेठमा भारतसहित दक्षिण एसियाली देशका पर्यटकको संख्या झन्डै ३०० प्रतिशतले वृद्धि भयो,' उनले भने, 'भारतीय पर्यटक यति ठूलो संख्यामा आएको यो पहिलोपटक हो ।' भारतमा पोखरा, मुक्तिनाथलगायत यस क्षेत्रका गन्तव्यस्थलको पर्यटन प्रवद्र्धन हुनु, यातायातको सहजता, सामाजिक सञ्जालमार्फत भइरहेको प्रचारप्रसार आदि कारणले भारतीय पर्यटक बढेको उनले बताए । यस याममा गर्मी छल्न पनि भारतीय पर्यटक पोखरा र आसपासका गन्तव्यमा आउने गरेका छन् ।

आयोजना कार्यालयको आकडाअनुसार गत जेठसम्ममा भित्रिएका कुल पर्यटकमध्ये तीन लाख १९ हजार ४ सय १९ दक्षिण एसियाली मुलुकका र एक लाख २१ हजार ९ सय ९३ अन्य मुलकका रहेका छन् । जेठमा मात्र एक लाख २७ हजार ४ सय ५९ पर्यटकले अन्नपूर्ण क्षेत्र घुमेका हुन् । गत वर्ष जेठमा यो संख्या जम्मा ३१ हजार ९ सय ५५ मा सीमित थियो । यस वर्ष वैशाख–जेठमा पोखराका होटलको 'अकुपेन्सी' ९० प्रतिशतसम्म पुगेको होटल सङ्घ पोखराका अध्यक्ष लक्ष्मण सुवेदीले बताए ।

मनसुन भित्रनुपूर्वको यो याममा पोखरामा भारतीय पर्यटकको संख्या बढ्ने गरेको उनको भनाइ छ । झरी परिरहने पोखरा गर्मी छल्ने गन्तव्यका रूपमा भारतीयहरूको रोजाइमा पर्ने गरेको छ । पोखरा आउने भारतीय पर्यटकमध्ये झन्डै ४० प्रतिशत मुक्तिनाथ दर्शनमा जाने गरेका छन् । पदयात्राका लागि विभिन्न गन्तव्यमा जाने अन्य मुलुकका पर्यटकले पनि केही समय पोखरामा बिताउने गरेका छन् । पदयात्रा पर्यटनका लागि अन्नपूर्ण क्षेत्र विश्वप्रसिद्ध गन्तव्य मानिन्छ । अन्नपूर्ण चक्रीय पदमार्ग भएर पर्यटक अन्नपूर्ण आधार शिविर, मर्दी हिमाल, घान्द्रुक, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानीलगायतका गन्तव्यस्थलमा पुग्ने गरेका छन् । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले ती गन्तव्यस्थलमा घुमफिर गर्ने विदेशी पर्यटकको मात्र तथ्याङ्क राख्ने गरेको छ । सात हजार ६०० वर्गकिलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्र प्राकृतिक सौन्दर्य, जैविक विविधता, हिमाली जनजीवन, संस्कृति आदि कारणले प्रसिद्ध छ ।

कास्की, लमजुङ, मनाङ, म्याग्दीलगायत जनसुकै मार्गबाट अन्नपूर्ण क्षेत्रको छोटो, मध्यम र लामो दूरीको पदयात्रा तय गर्न सकिन्छ । अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा समेटिएका छन् । आकर्षक गन्तव्यस्थल, पर्यटनमैत्री पूर्वाधार, आतिथ्यता र सेवासुविधाका हिसाबले अन्नपूर्ण चक्रीय पदमार्ग घुमफिरका लागि उत्कृष्ट मानिन्छ ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक रासससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# 'सबै जिल्लाका दलित परिवारलाई सामाजिक अन्तरघुलन गराउने प्रयास गर्छौं'



**काठमाडौं ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडगराज पौडेल (गनेस) ले सबै जिल्लाका दलित परिवारलाई घरबास (होमस्टे) मार्फत सामाजिक अन्तरघुलन गराइने बताएका छन् । विनियोजन विधेयक, २०८३ अन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित शीर्षकमाथिको छलफलमा सांसदहरूले उठाएका जिज्ञासाको प्रतिनिधिसभामा जवाफ दिँदै उनले विगत वर्षमा भन्दा आगामी आर्थिक वर्षमा पर्यटन र संस्कृति क्षेत्रमा बजेट वृद्धि भएको बताए ।

'बजेटले विकास सँगसँगै असमानताको अन्त्य गर्नुपर्छ भन्न सोच र धारणा बोकेको हुन्छ,' उनले भने, 'सामाजिक असमनताको अन्त्य गर्ने ध्येय राखेर हामीले मुलुकभरका ७७ वटै जिल्लामा एउटा–एउटा दलित होमस्टे सञ्चालनमा ल्याउने कार्यक्रम समावेश गरेका छौं ।' मन्त्री पौडेलले दलित होमस्टेले अन्य समुदाय र दलितबीच सामाजिक अन्तरघुलन गराउनसमेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राखेको बताए ।

'पर्यटन मन्त्रालयसँग बजेट तथा कार्यक्रम माग गर्नेको संख्या निकै उच्च र धेरै रहेको छ । यही मन्त्रालयबाट नै मुलुकको उन्नति र समृद्धि हुने आशा गरेकाले पनि धेरै अपेक्षा र चाहना देखिएको हो,' उनले भने, 'यो मन्त्रालय सधैँ उपेक्षामा परेको थियो । सबैका योजना र सबैलाई समेट्ने गरी बजेट ल्याउन निकै कठिन र दुःख हुने गर्छ । तथापि हामीले त्यो काम फत्ते गरेर अघि बढेका छौं ।' मन्त्री पौडेलले खुसीको खोजीमा पर्यटकका रूपमा विभिन्न स्थानमा पुग्ने गरेको दाबी गरे । उनले भने, 'सुखीको खोज गर्ने काम हो । खुसी बेचेर पर्यटनबाट आम्दानी गर्ने हो ।'

मन्त्री पौडेलले लुम्बिनी क्षेत्र विकास कोष र पशुपति क्षेत्र विकास कोषमा आन्तरिक रूपमा नै बजेट हुने भएकाले पनि मन्त्रालयले ती कोषमा बजेट विनियोजन नभएको स्पष्टीकरण दिए । मन्त्री पौडेलले समुदायगतमा बजेट विनियोजनमा कुनै पनि विभेद नगरिएको दाबी गरे ।

बौद्ध दर्शन तथा गुम्बा विकास कार्यक्रमले आफ्नोसँग सम्बन्धित काम गर्न लागेको स्पष्ट पारे । मन्त्री पौडेलले बहुजातीय र बहुधार्मिक परम्परा र संस्कृति संरक्षणका लागि एकमुष्ट बजेट विनियोजन गरेको दाबी गरे ।

मन्त्री पौडेलले सतल र पाटी पालिकास्तरबाटै निर्माण गर्नुपर्नेमा पुरातात्विक महत्त्वका सम्पदा भएकाले राखिएको बताए । उनले गुम्बा निर्माणका लागि पाँच लाख रकम अध्ययन र अन्य कार्यक्रमका लागि छुट्याइएको स्पष्ट पारे । मन्त्री पौडेलले रणनीतिक पदयात्रालाई जोड्नका लागि चतुर्भुजीय मोडेलमा अघि बढाउनका लागि बजेट विनियोजन गरेको बताए ।

सरकारले पदमार्ग र सांस्कृतिक र ऐतिहासिक सम्पदा संरक्षणका लागि करिब ८२ करोडभन्दा धेरै बजेट विनियोजन गरेको बताए । 'यहाँहरूले पर्यटन मन्त्रालयसँग ६४ अर्बको बजेट माग गर्नुभएको थियो । हामीले समारिक महत्त्व बोकेका क्षेत्रमा मात्रै एकमुष्ट बजेट विनियोजन गरेका छौं,' उनले भने, 'दुईदेखि पाँच लाखबाट बजेट निर्माणका लागिभन्दा पनि अध्ययनको लागि बजेट विनियोजन भएको हो ।' रासस

# ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवा विस्तार गर्न एक हजार छ सय टावर निर्माण गरिने



**काठमाडौं ।**
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले देशभर दूरसञ्चार सेवाको गुणस्तर र पहुँच विस्तारका लागि थप एक हजार ६०० नयाँ टेलिफोन टावर तथा सम्बन्धित पूर्वाधार (साइट) निर्माणको प्रक्रिया अगाडि बढाइएको बताएका छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा सांसदहरूले उठाएको प्रश्नको जवाफ दिँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले ग्रामीण तथा दुर्गम क्षेत्रमा दूरसञ्चार र इन्टरनेट सेवाको गुणस्तर कमजोर रहेको गुनासो धेरै आउने गरेको र त्यसको समाधानका लागि मन्त्रालय गम्भीरतापूर्वक लागिपरेको बताए ।

उनले दूरसञ्चार सेवाको विस्तार तथा स्तरोन्नतिका लागि आगामी आर्थिक वर्षमा नेपाल टेलिकममार्फत मन्त्रालयको बजेटभन्दा बढी रकम लगानी हुने जानकारी दिए । ग्रामीण क्षेत्रमा सेवा विस्तार तथा गुणस्तर सुधारका लागि नेपाल टेलिकमले मात्रै आगामी आवमा छ अर्ब रुपैयाँभन्दा बढी लगानी गर्ने तयारी गरेको उनको भनाइ थियो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाका अनुसार हाल देशभर चार हजार ८२१ साइट सञ्चालनमा रहेका छन् । तीमध्ये कोशी प्रदेशमा ७६०, मधेसमा ५६८, बागमतीमा एक हजार २७७, गण्डकीमा ५१९, लुम्बिनीमा ८१९, कर्णालीमा ३०५ र सुदूरपश्चिममा ५०१ साइट सञ्चालनमा छन् । उनले सेवाको पहुँच र गुणस्तरका आधारमा थप पूर्वाधार आवश्यक रहेको अध्ययनले देखाएको बताउँदै कोशीमा २५७, मधेसमा २२८, बागमतीमा ३८९, गण्डकीमा ७६, लुम्बिनीमा २००, कर्णालीमा १२१ र सुदूरपश्चिममा १७२ गरी देशभर एक हजार ४४३ नयाँ साइटको आवश्यकता पहिचान गरिएको जानकारी दिए ।

नेपाल दूरसञ्चार प्राधिकरण र नेपाल टेलिकमको मूल्याङ्कनअनुसार यी अतिरिक्त साइट सञ्चालनमा आएपछि देशभर दूरसञ्चार सेवाको गुणस्तर र पहुँचमा उल्लेखनीय सुधार हुने विश्वास व्यक्त गर्दै मन्त्री डा तिमिल्सिनाले आवश्यकताभन्दा बढी पूर्वाधार निर्माणलाई लक्ष्य गरी करिब एक हजार ६०० साइटका लागि खरिद प्रक्रिया अघि बढाउन लागिएको बताए । दूरसञ्चार उपकरणको अधिकांश सामग्री विदेशबाट खरिद गर्नुपर्ने भएकाले केही समय लाग्ने भए पनि मन्त्रालयले सम्बन्धित सेवा प्रदायक संस्थासँग नियमित समन्वय गरी समयसीमाभित्र काम सम्पन्न गर्न निर्देशन दिएको उनले जानकारी दिए ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले दूरसञ्चार सेवासम्बन्धी जनगुनासोप्रति सरकार संवेदनशील रहेको उल्लेख गर्दै नागरिकले गुणस्तरीय सञ्चार सेवा प्राप्त गर्ने सुनिश्चितताका लागि तीव्र गतिमा काम भइरहेकोसमेत बताए । रासस

# पाठ्यक्रमलाई समयसापेक्ष बनाइन्छः मन्त्री पोखरेल



**सुर्खेत ।**
शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालय शिक्षालाई समयसापेक्ष, प्रविधिमैत्री र रोजगारमुखी बनाउन सरकारले प्राथमिकताका साथ काम गरिरहेको बताएका छन् ।

मध्यपश्चिम विश्वविद्यालयको दीक्षान्त समारोहलाई बुधबार सम्बोधन गर्दै मन्त्री पोखरेलले उच्च शिक्षालाई श्रमबजारको मागसँग जोड्ने गरी पाठ्यक्रम परिमार्जन गरिने बताए ।

उनले यसका लागि आवश्यक बजेट, पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्था गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गरे ।

विश्वविद्यालयबाट हासिल हुने शिक्षा केवल प्रमाणपत्रमा मात्र सीमित हुनुहुँदैन, यसले रोजगारी, उद्यमशीलता र सामाजिक रूपान्तरणमा योगदान दिनुपर्छ, उनले भने । मन्त्री पोखरेलले कर्णालीका प्राकृतिक तथा सांस्कृतिक स्रोतको अध्ययन–अनुसन्धानलाई विश्वविद्यालयले प्राथमिकता दिनुपर्ने धारणा राखे । प्रदेशमा उपलब्ध जलस्रोत, वन, जडीबुटी, पर्यटन तथा सांस्कृतिक सम्पदाको वैज्ञानिक अनुसन्धानमार्फत स्थानीय विकास र आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सकिने उनको भनाइ छ ।

मन्त्री पोखरेलले मध्यपश्चिम विश्वविद्यालयलाई कर्णालीको शैक्षिक गौरवका रूपमा चित्रित गर्दै स्थापनायता अनुसन्धानमूलक शिक्षा, खेलकुद, डिजिटल प्रविधि र नवप्रवर्तनका क्षेत्रमा उल्लेखनीय प्रगति गरेको बताए । विश्वविद्यालयले उच्च शिक्षाको गुणस्तर सुधार तथा आधुनिक प्रविधिको प्रयोग विस्तारमा खेलेको भूमिकाप्रति उनले प्रशंसा गरे ।

दीक्षित विद्यार्थीहरूलाई बधाई दिँदै मन्त्री पोखरेलले शिक्षा राष्ट्र निर्माणको महत्त्वपूर्ण आधार भएको उल्लेख गरे । "आज प्राप्त गरेको ज्ञान र सीप व्यक्तिगत सफलताका लागि मात्र होइन, समाज र देशको विकासका लागि पनि उपयोगी हुनुपर्छ", उनले बताए ।

विकास र समृद्धिको यात्रामा नेपाल अगाडि बढिरहेको उल्लेख गर्दै उनले युवापुस्ताले अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलताको माध्यमबाट गरिबी, बेरोजगारी, स्वास्थ्य चुनौती, जलवायु परिवर्तन, सूचना प्रविधि तथा जैविक विविधतासम्बन्धी समस्याको समाधान खोज्न महत्त्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास व्यक्त गरे ।

उनले गुणस्तरीय शिक्षा र सृजनशील सोचका माध्यमबाट युवा पुस्ताले देशको अर्थतन्त्रलाई थप सबल र प्रतिस्पर्धी बनाउन सक्ने बताएका छन् । रासस

# वैदेशिक रोजगार सुधारसँगै आन्तरिक रोजगारी विस्तारमा सरकारको ध्यान

**काठमाडौं ।**
युवा, रोजगार तथा श्रममन्त्री रामजी यादवले रोजगार नीति परिमार्जनका लागि कार्यदल गठन गरिएको बताउँदै आगामी दशकलाई 'आन्तरिक रोजगार प्रवर्द्धन दशक'का रूपमा काम गर्ने तयारीमा आफू जुटेको बताएका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा विनियोजन विधेयकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै मन्त्री यादवले आन्तरिक रोजगारीका अवसर विस्तार गर्न आगामी दशकलाई आन्तरिक रोजगार प्रवर्द्धन दशकका रूपमा घोषणा गर्ने तयारी भइरहेको जानकारी दिए ।

उनले यसका लागि आवश्यक नीतिगत सुधारका काम अगाडि बढाइएको जानकारी दिए । मन्त्री यादवले हाल कार्यान्वयनमा रहेको रोजगार नीति, २०७१ समयसापेक्ष नरहेको उल्लेख गर्दै उक्त नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक कानुनी आधारसमेत अपर्याप्त रहेको बताए । उनले नयाँ रोजगार नीति तर्जुमाका लागि कार्यदल गठन गरी प्रक्रिया अगाडि बढाइएको जानकारी दिए ।

युवालाई उद्यमशीलतासँग जोड्ने विषयमा सांसदहरूले उठाएका जिज्ञासाको जवाफ दिँदै मन्त्री यादवले देशभरका ७५३ वटै स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई थप प्रभावकारी बनाउने प्रयास भइरहेको बताए ।

रोजगार सूचना तथा उद्यमशीलता विकासका लागि उद्यमशीलता केन्द्र सञ्चालनसम्बन्धी कार्यविधि तयार गरिएको उनको भनाइ छ । श्रम शोषण रोक्न पत्राचारदेखि श्रम निरीक्षण टोली परिचालनसम्मका कामलाई तीव्रता दिइएको उल्लेख गर्दै उनले आफू मन्त्री भएपछि हालसम्म करिब ८०० वटा श्रम निरीक्षण सम्पन्न भइसकेको जानकारी दिए ।

मन्त्री यादवले वैदेशिक रोजगारलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन आवश्यक रहेको बताए । विद्यमान वैदेशिक रोजगार ऐनका सीमितताका कारण अपेक्षित सुधार गर्न कठिनाइ भइरहेको उल्लेख गर्दै उनले ऐन संशोधन तथा 'माइग्रेसन इकोसिस्टम'को अभिलेखीकरण मन्त्रालयको प्राथमिकतामा रहेको जानकारी दिए । रोजगारदाता तथा गन्तव्य मुलुकका सरकारसँग सहकार्य र समन्वय बढाउने उपाय खोजिरहेको जनाउँदै उनले गन्तव्य मुलुकका रोजगारदातालाई 'एक्रिडिएसन मोडेल'मा आबद्ध गराउने क्रम जारी रहेको जानकारी दिए ।

गत साता जेनेभामा अन्तर्राष्ट्रिय समुदायसमक्ष नेपाली श्रमिकको सुरक्षा, सम्मान र श्रमिक अधिकारप्रति नेपालको प्रतिबद्धता प्रस्तुत गरिएको जानकारी पनि उनले दिए । मन्त्री यादवले वैदेशिक रोजगार तथा ठगीसम्बन्धी २०५७ सालदेखि थन्किएका पुराना फाइललाई व्यवस्थित गर्दै डिजिटलीकरणको काम अघि बढाइएको बताए । हालसम्म १० हजारभन्दा बढी फाइल डिजिटल अभिलेखीकरण गरिएको र थप १५ हजार फाइल असार मसान्तभित्र टुंग्याउने लक्ष्यका साथ काम भइरहेको उनले बताए । वैदेशिक रोजगार ठगी नियन्त्रण, राहत, उद्धार तथा गुनासो सम्बोधनका लागि 'एक्सन कमाण्ड सेन्टर' गठन भएको जानकारी पनि उनले दिए । घरेलु श्रमिकका समस्या समाधानमा नीतिगत अवरोध रहेको उल्लेख गर्दै मन्त्री यादवले श्रम स्वीकृतिबिना अनौपचारिक माध्यमबाट विदेशिने नेपालीको सङ्ख्या बढिरहेको बताए ।

उनका अनुसार कुवेतमा मात्र करिब ६० हजार नेपाली घरेलु श्रमिक श्रम स्वीकृतिबिना कार्यरत छन् । अनौपचारिक रूपमा विदेश पुगेका नागरिक समस्यामा परेका बेला उनीहरूलाई समयमा सहयोग गर्न कठिन भएको स्वीकार गर्दै मन्त्री यादवले युवालाई सीप सिकाएर स्वदेशमा नै रोजगारीका अवसर सृजना गर्न सरकार लागिपरेको बताए । रासस

# हेटौँडा कपडा र बुटवल धागो उद्योग यसै वर्ष सञ्चालनमा आउँछन्: उद्योगमन्त्री



**काठमाडौं ।**
उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरी कुमारीले रुग्ण अवस्थामा रहेका हेटौँडा कपडा र बुटवल धागो उद्योग यसै वर्ष सञ्चालनमा ल्याइने बताएकी छन् ।

प्रतिनिधिसभाको बुधबारको बैठकमा विनियोजन विधेयक, २०८३ अन्तर्गत उद्योग मन्त्रालयको विनियोजन शीर्षकमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिँदै उनले कपडा र धागो उद्योग सञ्चालनका लागि कपासखेतीलाई पनि सँगसँगै लैजाने बताइन् ।

"रुग्ण उद्योगका रूपमा रहेका हेटौँडा कपडा उद्योग सबैभन्दा पहिला सञ्चालनमा आउँछ । कपडा र धागो उद्योग तथा कपासखेती एकैसाथ अगाडि बढाउनुपर्छ । यी उद्योग यही वर्ष सञ्चालनमा आउँछन्", मन्त्री कुमारीले भनिन् । उनले पेट्रोलियम पदार्थमा इथानोल मिसावट गर्ने कार्य अघि बढिसकेको जानकारी दिइन् । रासस

# रास्वपा महाधिवेशनः राजनीतिसँगै पर्यटनको संगम बन्दै चितवन




**चितवन ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम महाधिवेशन यहाँ हुँदैछ । यही असार ७, ८ र ९ गते भरतपुरमा हुने रास्वपाको महाधिवेशनले राजनीतिक नेतृत्व मात्रै चयन गर्दैन, यहाँको पर्यटन र व्यापार व्यवसायको प्रवर्द्धन समेत गर्नेछ । महाधिवेशनमा आउने प्रतिनिधि, पर्यवेक्षक र पाहुनाले जिल्लाका होटल भरिभराउ हुनेछन् भने रेष्टुरेन्ट र स्थानीय उत्पादनको खपत बढ्नेछ । महाधिवेशनमा देशका बाँकी ७६ जिल्ला र विदेशबाट प्रतिनिधि एवं पर्यवेक्षक तथा अतिथिहरु आउँदैछन् । महाधिवेशनले मुख्य रूपमा यहाँको पर्यटकीय गन्तव्यलाई देशभर र विदेशमा चिनाउने सरोकारवालाहरुको विश्वास छ ।

पूर्वी चितवनको रत्ननगरमा रहेको होटल स्टारका सञ्चालक भेषराज दुवाडी आफूले १५ राष्ट्रियस्तरका कार्यक्रम होटलमा गर्दा यसको सकारात्मक प्रभाव लामो समयसम्म पर्यटन क्षेत्रमा देखिएको बताउँछन् । महाधिवेशनमा आउने पाहुनाका कारण यहाँका होटल र रेष्टुरेन्ट त भरिन्छन् नै यसका अतिरिक्त स्थानीय उत्पादनले राम्रो बजार पाउने उनको भनाइ छ । दुवाडीले भने, 'महाधिवेशनमा आएकाहरूले पछि पारिवारिक, संघसंस्था र व्यक्ति विशेषका भ्रमण लिएर आउने सम्भावना अधिक हुन्छ । 'नागरिकको चहलपहल बढेसँगै यहाँका कृषिजन्य उत्पादनले राम्रो बजार पाउने उनको भनाइ छ । माछा, मासु, अण्डा, फलफूल, तरकारी, दुग्धजन्य पदार्थको खपत बढ्ने देखिन्छ । दुवाडीले आफ्नो होटलमा विभिन्न संघसंस्थाका राष्ट्रिय कार्यक्रमपछि सौराहालगायत क्षेत्रमा त्यसको प्रत्यक्ष प्रभाव हुने गरेको स्मरण गरे ।

यसअघि सौराहामा नेकपा (एमाले) को महाधिवेशनपछि त्यसको सकारात्मक प्रभाव लामो समयसम्म परेको व्यवसायी बताउँछन् । पर्यटन व्यवसायी डा. तिलचन्द्र भट्टराई ठूला कार्यक्रम जिल्लामा गर्न पाउनु आफैंमा सकारात्मक भएको बताउँछन् । उनले भने, 'यस्ता कार्यक्रमले जिल्लाको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्छ । 'जिल्लामा ठूला कार्यक्रम गर्न सकिन्छ भन्ने सन्देश प्रवाह हुने भन्दै भट्टराईले यसअघि नेकपा (एमाले) को महाधिवेशनमा आएकाहरु पछिपछि पनि पारिवारिक र संस्थागत गरी घुम्न आएको बताए । उनले भने, 'महाधिवेशनले चितवनलाई थप चिनाउन सहयोग पुग्छ ।' उद्योग वाणिज्य संघ चितवनका पूर्वअध्यक्ष मित्रराज दवाडी महाधिवेशनले पर्यटक बढाउने र यसले यहाँको उत्पादन खपतमा वृद्धि हुने बताउँछन् । कृषि क्षेत्रमा लाग्दै आएका दवाडी यसको प्रत्यक्ष प्रभाव पर्यटन र यसका लागि आवश्यकपर्ने कृषिजन्य उत्पादनमा हुने बताउँछन् । यहाँ आउने प्रतिनिधिलाई जिल्लाका विभिन्न पर्यटकीय गन्तव्यहरुका बारेमा जानकारी गराउनसकेमा थप प्रभावकारी बन्ने उनको बुझाइ छ । राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य एवं पर्यटन व्यवसायी ध्रुव गिरी यो महाधिवेशनले समग्र जिल्लाको अर्थतन्त्र चलायमान बनाउन सहयोगी बन्ने बताउँछन् । सौराहालगायत पर्यटकीय र अन्य क्षेत्रका होटल बुकिङ भइरहेको भन्दै उनले बेमौसमा पनि पर्यटक भरिन लागेको बताए । महाधिवेशनमा तीन हजार हाराहारी प्रतिनिधि सहभागी हुनेछन् । त्यसैगरी पर्यवेक्षक र शुभचिन्तक पनि ठूलो मात्रामा यहाँ आउने अपेक्षा गरिएको छ । रासस

# विश्वकपमा मेस्सीको ऐतिहासिक रात



**कन्सास ।**
लियोनेल मेस्सीले विश्व फुटबलमा अर्को ऐतिहासिक उपलब्धि थप्दै आफ्नो छैटौँ विश्वकप सहभागितालाई अविस्मरणीय बनाएका छन् । कप्तान मेस्सीको ह्याट्रिक प्रेरित प्रदर्शनमा साविक विजेता अर्जेन्टिनाले विश्वकप उपाधि रक्षा अभियान विजयी सुरुआत गर्दा उनी विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता पनि बनेका छन् ।

कन्सास सिटीस्थित ६९ हजार ४५ दर्शक क्षमता भएको एरोहेड स्टेडियममा मंगलबार भएको खेलमा ३८ वर्षीय मेस्सीले तीन गोल गर्दै आफ्नो विश्वकप गोल संख्या १६ पु¥याए । यससँगै उनले जर्मनीका पूर्व स्ट्राइकर मिरोस्लाभ क्लोसको सर्वाधिक १६ गोलको कीर्तिमान बराबरी गरेका छन् । मेस्सीका लागि यो खेल अर्को कारणले पनि विशेष रह्यो । उनले आफ्नो करियरको २००औँ अन्तर्राष्ट्रिय खेल खेल्दै विश्वकपका छ संस्करणमा सहभागिता जनाउने पहिलो फुटबलरको इतिहास रचे । सन् २००६ मा जर्मनीमा किशोर खेलाडीका रूपमा पहिलो विश्वकप खेलेका मेस्सीले दुई दशक लामो यात्रामा अर्को ऐतिहासिक अध्याय थपेका हुन् ।

ग्रुप 'जे' अन्तर्गत भएको खेलमा अर्जेन्टिनाले सुरुदेखि नै पकड जमाएको थियो । मेस्सीले १७औँ मिनेटमा सुन्दर कर्लिङ प्रहारमार्फत गोल गर्दै टोलीलाई अग्रता दिलाए । त्यो गोलसँगै उहाँको विश्वकप गोल सङ्ख्या १४ पुगेको थियो, जसले उहाँलाई जर्मनीका गर्ड मुलर र फ्रान्सका किलियन एमबाप्पेको बराबरीमा पु¥यायो । खेलको ६०औँ मिनेटमा एलेक्सिस म्याक एलिस्टरको प्रहार गोलरक्षकबाट फर्किएपछि मेस्सीले रिबाउन्डलाई सदुपयोग गर्दै दोस्रो गोल गरे । यससँगै उनले ब्राजिलका महान् स्ट्राइकर रोनाल्डोको १५ गोलको कीर्तिमान पनि बराबरी गरे ।

त्यसपछि ७६औँ मिनेटमा उहाँले अर्को आकर्षक गोल गर्दै ह्याट्रिक पूरा गर्नुभयो र विश्वकप इतिहासका संयुक्त सर्वाधिक गोलकर्ता बने ।

चार मिनेटपछि मैदान छाड्दा दर्शकले उभिएर लामो समयसम्म ताली बजाउँदै उनलाई सम्मान गरेका थिए । मेस्सीले सन् २०२२ को दोहा विश्वकपमा अर्जेन्टिनालाई उपाधि दिलाएका थिए । त्यतिबेला फाइनलमा फ्रान्सलाई पेनाल्टी सुटआउटमा पराजित गरिएको थियो । नियमित समयमा ३–३ को रोमाञ्चक बराबरी भएको उक्त खेलमा फ्रान्सका स्टार किलियन एमबाप्पेले ह्याट्रिक गगरेका थिए ।

यसपटक पनि अर्जेन्टिना र फ्रान्स पुनः फाइनलमा भेटिन सक्ने सम्भावना रहेको चर्चा भइरहेका बेला फ्रान्सले पनि आफ्नो अभियान विजयी ढङ्गले सुरु गरेको छ । सेनेगलविरुद्ध ३–१ को जितमा एमबाप्पेले दुई गोल गर्दै आफ्नो प्रभाव कायम राखे ।

फ्रान्सका प्रशिक्षक डिडिएर डेसच्याम्प्सले एमबाप्पेको प्रशंसा गर्दै आलोचनाका बीच पनि उनी असाधारण खेलाडी रहेको बताए । उनका अनुसार खेल सधैँ योजनाअनुसार नजाने भए पनि एमबाप्पेसँग कुनै पनि क्षण खेलको परिणाम बदल्ने क्षमता छ ।

सेनेगलविरुद्धको दुई गोलसँगै एमबाप्पेले ९९ अन्तर्राष्ट्रिय खेलमा ५८ गोल पूरा गर्दै फ्रान्सका सर्वाधिक गोलकर्ताको सूचीमा ओलिभियर जिरुडलाई पछि पारे । डेसच्याम्प्सले मैत्रीपूर्ण खेलमा गोल गर्न नसके पनि विश्वकपमा रेकर्ड बनाउनु थप विशेष उपलब्धि भएको उल्लेख गरे । यता अर्को स्टार स्ट्राइकर एर्लिङ हालान्डले पनि विश्वकप डेब्यूलाई स्मरणीय बनाउनुभएको छ । समूह 'ए' अन्तर्गत इराकमाथि नर्वेको ४–१ को जितमा उनले दुई गोल गरे । फक्सबरोमा भएको खेलमा हालान्डले २९औँ मिनेटमा गोल गर्दै नर्वेलाई अग्रता दिलाए । यद्यपि आयमेन हुसेनको हेडरमार्फत इराकले खेल बराबरी गरेको थियो । तर इराकी रक्षापङ्क्तिको गल्तीको फाइदा उठाउँदै हालान्डले पहिलो हाफ सकिनुअघि पुनः गोल गरे ।

५१ खेलबाट ५७ अन्तर्राष्ट्रिय गोल गरिसकेका हालान्डको उत्कृष्ट प्रदर्शनमा नर्वेले सहज जित निकाल्यो । दोस्रो हाफमा लियो ओस्टिगार्डले अर्को गोल थपे भने इराकको आत्मघाती गोलले नर्वेको जित अझ फराकिलो बनायो ।

सन् १९९८ पछि पहिलोपटक विश्वकपमा फर्किएको नर्वेले यससँगै महत्त्वपूर्ण तीन अंक हात पाऱ्यो । नर्वेका प्रशिक्षक स्टेल सोल्बाक्केनले हालान्डले ठूलो मञ्चमा आफूलाई उत्कृष्ट रूपमा प्रस्तुत गरेको बताए । खेलअघि नै उनलाई हालान्डबाट विशेष प्रदर्शनको अपेक्षा रहेको र त्यसले वास्तविक रूप लिएको उनको भनाइ थियो ।

मंगलबारको अन्तिम खेलमा विश्वकपमा पहिलोपटक सहभागी भएको जोर्डनले समूह 'जे' अन्तर्गत क्यालिफोर्नियाको सान्ता क्लारामा अस्ट्रियाको सामना गर्नेछ । रासस

# वार्ताअघि तेल निर्यात सुरु



**तेहरान ।**
अमेरिका र इरानबीच शान्ति सम्झौताका अन्तिम वार्ता सुरु हुन दुई दिन बाँकी रहँदा इरानी तेल ट्याङ्करहरू अमेरिकी नाकाबन्दी क्षेत्रबाट बाहिर निस्कन थालेका छन् । यसलाई दुई महिनापछि इरानको पहिलो कच्चा तेल निर्यातका रूपमा हेरिएको छ र मध्यपूर्वमा तनाव कम हुने अपेक्षा बढेसँगै विश्व तेल बजारमा पनि यसको प्रभाव परेको छ । हर्मुज जलघाँटी पुनः सञ्चालनमा आएको सङ्केत पाएसँगै अन्तर्राष्ट्रिय तेल मूल्य घटेको छ । यहीबीच शुक्रबार स्विट्जरल्यान्डको बर्गेनस्टक पर्वतीय रिसोर्टमा अमेरिका र इरानबीच अन्तिम सम्झौतासम्बन्धी वार्ता सुरु हुने तयारी भइरहेको छ । वार्तामा इरानको आणविक कार्यक्रम र अन्तर्राष्ट्रिय प्रतिबन्ध हटाउने विषय मुख्य एजेन्डाका रूपमा रहने बताइएको छ ।

तेल ढुवानी अनुगमन गर्ने 'ट्याङ्करट्र्याकर' वेबसाइटले स्याटेलाइट तस्बिर र डिजिटल ट्र्याकिङ तथ्याङ्कका आधारमा कम्तीमा दुई इरानी सुपरट्याङ्कर अमेरिकी नौसैनिक नाकाबन्दी क्षेत्रबाट बाहिरिएको जनाएको छ । 'डिओना' र 'हिरो–२' नामका ती ट्याङ्करमा संयुक्त रूपमा करिब ३८ लाख ब्यारेल इरानी कच्चा तेल रहेको बताइएको छ । पछि तेस्रो ट्याङ्कर पनि बाहिरिएको जानकारी सार्वजनिक गरिएको थियो ।

अधिकारीहरूका अनुसार प्रारम्भिक सहमतिपछि सुरु हुने ६० दिने वार्ताले इरानको आणविक कार्यक्रमको भविष्य र आर्थिक प्रतिबन्ध हटाउने प्रक्रियाबारे अन्तिम निर्णय गर्नेछ । अमेरिकी पत्रिका वाल स्ट्रिट जर्नलले सम्झौतासँग परिचित स्रोतहरूलाई उद्धृत गर्दै युद्ध अन्त्यसम्बन्धी सहमतिअन्तर्गत अमेरिकाले इरानलाई तत्काल तेल तथा इन्धन बिक्री गर्न अनुमति दिने जनाएको छ । प्रतिबन्ध खुकुलो पार्ने व्यवस्थामा बैंकिङ, यातायात र बिमा सेवा पनि समेटिने बताइएको छ । यद्यपि अमेरिकाभित्रै सम्झौताप्रति मिश्रित प्रतिक्रिया देखिएको छ । केही रिपब्लिकन सांसदहरूले ट्रम्प प्रशासनसँग सम्झौताको पूर्ण पाठ र विस्तृत जानकारी माग गरेका छन् । सिनेटका बहुमत नेता जोन थुनले सम्झौताको वास्तविक स्वरूप बुझ्न आवश्यक रहेको बताएका छन् ।

तर शान्ति प्रक्रियामाथि क्षेत्रीय तनाव अझै कायमै छ । इजरायली सेनाले दक्षिण लेबनानमा आफ्ना कारबाही जारी रहेको जनाएको छ भने रकेट प्रहार रोकिएको र प्रक्षेपण स्थलमाथि हवाई आक्रमण गरिएको दाबी गरेको छ । लेबनानको सरकारी समाचार संस्थाका अनुसार मेफादुन र सुकिन क्षेत्रमा भएका आक्रमणमा कम्तीमा चार जनाको मृत्यु भएको छ । त्यसपछि इरानको केन्द्रीय सैन्य कमान्डले इजरायललाई 'कठोर प्रतिक्रिया' को चेतावनी दिएको छ । एक वरिष्ठ अमेरिकी अधिकारीका अनुसार राष्ट्रपति डोनाल्ड ट्रम्प, उपराष्ट्रपति जेडी भान्स, इरानका उपविदेश मन्त्री माजिद तख्त–राभान्ची र शीर्ष वार्ताकार मोहम्मद बाघेर घालीबाफले प्रारम्भिक ढाँचा सम्झौतामा विद्युतीय हस्ताक्षर गरिसकेका छन् । इरानी विदेशमन्त्री अब्बास अराघचीले शुक्रबारदेखि इरान र अमेरिकाबीच नयाँ चरणको वार्ता सुरु हुने जानकारी दिँदै अन्तिम सम्झौतामा आणविक मुद्दा र प्रतिबन्ध हटाउने विषयमा निर्णय हुने बताएका छन् । हर्मुज पुनः खुल्ने अपेक्षाले विश्व बजारमा तेलको मूल्य घटेको छ । अन्तर्राष्ट्रिय मापदण्ड ब्रेन्ट कच्चा तेलको मूल्य प्रति ब्यारेल ७८.७४ डलरमा झरेको छ भने अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियेट ७५.८५ डलर प्रतिब्यारेलमा कारोबार भएको छ ।

पाकिस्तान र कतारको मध्यस्थतामा भएको अप्रत्यक्ष वार्ताले अन्तरिम सहमतिसम्म पुग्न मद्दत गरेको भए पनि इरानको युरेनियम संवर्धन कार्यक्रम र पश्चिमी प्रतिबन्धजस्ता जटिल विषय अझै समाधान हुन बाँकी छन् । अमेरिका र इजरायलले इरानलाई उच्च संवर्धित युरेनियम भण्डार त्याग्न दबाब दिइरहेका छन् भने इरानले आफ्नो संवर्धन अधिकार कायम राख्ने अडान दोहो¥याएको छ । यसैबीच, ट्रम्पले सम्झौताको पाठ चाँडै सार्वजनिक गर्न सकिने सङ्केत दिएको छ । इरानको रुढिवादी पत्रिका भातान–ए इमरोजले उक्त सम्झौतालाई 'ट्रम्पको आत्मसमर्पण दस्तावेज' भनेर वर्णन गरेको छ । तर अराघचीले विगतका अनुभव स्मरण गराउँदै सतर्कता आवश्यक रहेको बताएको छ । उनका अनुसार इरानले विगतमा पटक–पटक सम्झौता उल्लङ्घन र प्रतिबद्धता तोडिएको अनुभव भोगिसकेको छ । उपराष्ट्रपति भान्सले अमेरिकी करदाताको रकम इरानमा नजाने स्पष्ट पार्दै आणविक निरीक्षकहरूलाई इरान प्रवेशको अनुमति दिइने बताउनुभएको छ । यद्यपि इरानी सञ्चारमाध्यमले १२ अर्ब डलर बराबरको रोक्का सम्पत्ति फुकुवा हुन सक्ने दाबी गरेका छन् । विश्लेषकहरूले भने इजरायल र इरान समर्थित हिजबुल्लाहबीचको समानान्तर द्वन्द्व नै कूटनीतिक प्रयासका लागि सबैभन्दा ठूलो चुनौती बनेको बताएका छन् । मार्चमा हिजबुल्लाहले इजरायलमाथि रकेट आक्रमण गरेपछि लेबनान युद्धमा तानिएको थियो, जसले क्षेत्रीय तनावलाई अझ गहिरो बनाएको छ । रासस

# चिया उद्योग बन्द गर्ने घोषणा



**झापा ।**
नेपाली चिया उद्योग गम्भीर सङ्कटमा परेको भन्दै चिया उद्योगीहरूले भोलि असार ४ गतेदेखि अनिश्चितकालका लागि चिया उद्योग तथा बगान बन्द गर्ने जनाएका छन् । भारतीय चिया बोर्डले लागू गरेको नयाँ नियम 'स्ट्यान्डर्ड अपरेटिङ प्रोसेजर' 'एसओपी' का कारण नेपाली चिया भारततर्फ निर्यात हुन नसकेपछि यहाँस्थित चिया उद्योगीले उक्त कदम चालेका हुन् ।

नेपालमा उत्पादित सिटिसी तथा अर्थोडक्स चियाको वार्षिक कारोबार करिब रु १२ देखि रु १४ अर्ब रहेको र त्यसमध्ये करिब रु पाँच अर्ब बराबरको चिया भारत निर्यात हुने गरेको नेपाल चिया उत्पादक सङ्घका महासचिव शुक्र दाहालले बताए । नेपाल चिया उत्पादक सङ्घ झापाले आज भद्रपुरमा पत्रकार सम्मेलनको आयोजना गरी भोलिदेखि चिया उद्योग र चिया बगान बन्द गर्ने जनाउ दिएका छन् ।

उनले विकल्पमा बङ्गलादेश, पाकिस्तानलगायतका तेस्रो मुलुकमा चिया निर्यात गर्न सकिने बताउँदै त्यसतर्फ निर्यातका लागि पहल गरिदन पराजुलीले सरकारसँग माग गरे । चिया क्षेत्रले करिब ६० हजार श्रमिक तथा कर्मचारीलाई रोजगारी प्रदान गरेको छ, भने वार्षिक रु एक अर्ब राजस्व बुझाउँदै आएको छ । रासस

# च्याउखेतीबाट रोजगारी दिन र मनगय आम्दानी लिन सफल मङ्गल

**अत्तरिया ।**
कैलालीको धनगढी उपमहानगरपालिका–११, जोकैयाका मङ्गल चौधरीले व्यावसायिक च्याउखेती गर्दै आएका छन् । चौधरीले छ वर्षदेखि सुभाष बहुउदेश्यीय कृषि फार्म दर्ता गरेर च्याउखेती गर्दै आएका हुन् । एउटा टनेलबाट च्याउखेती सुरु गरेका चौधरीले हाल पाँच कट्ठा जग्गामा १५ वटा टनेलबाट च्याउ उत्पादन गर्दै आएको बताए ।



बाह्रै महिना च्याउ उत्पादन गर्ने गरेको बताउँदै चौधरीले आम्दानी पनि राम्रो हुने गरेको बताए । उनले भने, 'वार्षिक रु २० लाखबराबरको च्याउ बिक्री हुन्छ । सबै खर्च कटाएर वार्षिक रु १० लाख आम्दानी हुन्छ । यस वर्ष रु ३० लाखसम्मको च्याउ बिक्री गर्ने लक्ष्य छ ।' पहिले ज्ञान र सीपको कमीले छ महिना मात्रै च्याउ उत्पादन गर्ने गरेकामा हाल उनले बाह्रै महिना च्याउ उत्पादन गर्दै आएका छन् । चौधरीले उत्पादन गरेको कन्य च्याउ हाल बजारमा प्रतिकिलो रु २५० का दरले बिक्री हुँदै आएको छ ।

उनले भने, 'कन्य च्याउको उत्पादन बढी हुन्छ । यसको खपत पनि राम्रो छ । लागत पनि कम छ । त्यसैले कन्य च्याउ नै उत्पादन गर्ने गरेको छु ।' चौधरीले च्याउ फार्ममा दैनिक ज्यालादारीमा चार जनालाई रोजगारीसमेत दिएको र दैनिक प्रतिव्यक्ति रु ६०० देखि आठ ८०० सम्म ज्याला दिने गरेको बताउँछन् ।

लगानी कम र आम्दानी बढी भए पनि बजारको मागअनुसार च्याउ आपूर्ति गर्न कठिनाइ भइरहेको चौधरीजस्तै व्यावसायिक च्याउखेती गर्दै आएका किसान बताउँछन् । पछिल्लो समय बजारमा माग अत्यधिक रहेकाले च्याउखेतीको आम्दानीले सहजै जीविकोपार्जन हुने उनीहरूको भनाइ छ ।

च्याउखेतीबाट भएको आम्दानीले सबै घर खर्च र छोराछोरीको पढाइलेखाइ खर्च सजिलै जुटेको उनीहरू बताउँछन् । मिहिनेत गरे आफ्नै देशमा रोजगारी दिन र राम्रै आम्दानी गर्न सकिन्छ भन्ने उदाहरणीय पात्रका रूपमा व्यावसायिक च्याउखेती गर्दै आएका चौधरी रहेका छन् । रासस

# युक्रेन युद्धबीच कजानमा पुटिन–आसियान बैठक

**कजान (रुस) .**
युक्रेन युद्ध अन्त्य गर्न पश्चिमी मुलुकहरू, विशेषगरी जी–७ ले रुसमाथि दबाब बढाइरहेका बेला राष्ट्रपति भ्लादिमिर पुटिनले दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको शिखर सम्मेलन आयोजना गर्दै मस्कोको एसियासँगको सम्बन्ध विस्तारको संकेत दिएका छन् छन् ।

मध्य रुसको तातारस्तान राजधानी कजानमा बुधबारदेखि सुरु भएको सम्मेलनमा आसियानका नेताहरूलाई स्वागत गर्दै पुटिनले पश्चिमी प्रतिबन्ध र युद्धको दबावबीच रूसको कूटनीतिक तथा आर्थिक ध्यान एसियातर्फ मोडिएको स्पष्ट सन्देश दिए । फ्रान्समा सम्पन्न जी–७ शिखर सम्मेलनमा युक्रेन र मध्यपूर्व युद्ध अन्त्यका विषयमा मुख्य छलफल भइरहेका बेला यो बैठकलाई रणनीतिक रूपमा महत्त्वपूर्ण मानिएको छ ।

दक्षिणपूर्वी एसियाली राष्ट्र सङ्घका ११ सदस्य राष्ट्रका प्रतिनिधिहरू सम्मेलनमा सहभागी हुन कजान पुगेका छन् । थाइल्यान्ड, भियतनाम, कम्बोडिया, लाओस, मलेसिया र सिङ्गापुरका प्रधानमन्त्रीहरू सहभागी छन् भने फिलिपिन्सको प्रतिनिधित्व राष्ट्रपति फर्डिनान्ड मार्कोसले गरेका छन् । सन् २०२१ को सैन्य विद्रोहपछि मस्कोसँग नजिक सम्बन्ध राख्दै आएको म्यान्माले पनि प्रतिनिधिमण्डल पठाएको छ ।

क्रेमलिनका अनुसार सम्मेलनमा विश्व तथा क्षेत्रीय सुरक्षा, व्यापार, लगानी र मानवीय सहयोगका विषयमा रूस–आसियान सहकार्यलाई नयाँ दिशामा लैजानेबारे छलफल हुनेछ । यो बैठक रूस र आसियानबीचको ३५ वर्षे सम्बन्धको स्मरणसँग पनि जोडिएको छ ।

युक्रेन युद्धका कारण पश्चिमी देशहरूको कडा प्रतिबन्ध सामना गरिरहेको रूसले पछिल्ला वर्षहरूमा आफ्नो ऊर्जा निर्यात, विशेषगरी तेल, एसियाली बजारतर्फ केन्द्रित गरेको छ । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले देशमा निरन्तर तेल आपूर्ति सुनिश्चित गर्नुपर्ने विषयमा छलफल गर्ने चाहना व्यक्त गरेका छन् ।

यसैबीच मध्यपूर्वमा इरानसँग सम्बन्धित अमेरिका–इजरायल तनावका कारण उत्पन्न ऊर्जा संकटले एसियाली मुलुकहरूलाई थप असर पारेको छ र यसले क्षेत्रीय ऊर्जा कूटनीतिलाई अझ संवेदनशील बनाएको छ । तर रुसभित्रै पनि आर्थिक चुनौती बढिरहेका छन् । उच्च मुद्रास्फीति, श्रम अभाव र बढ्दो खर्चका कारण रूसी अर्थतन्त्र दबाबमा रहेको छ । युद्धभूमिमा पनि यस वर्ष रूसी सेनाको प्रगति सुस्त देखिएको छ भने युक्रेनले तातारस्तानसहित रूसका विभिन्न क्षेत्रहरूमा आक्रमण बढाएको छ ।

जी–७ शिखर सम्मेलनमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमर जेलेन्स्कीसँग भेट गर्दै रुसले युद्ध अन्त्य गर्न सम्झौता गर्नुपर्ने बताए । उनले रुसमाथि थप प्रतिबन्ध लगाउने सम्भावनासमेत संकेत गरेका छन् र रूसी तेलमाथि नयाँ नियन्त्रणबारे पनि चर्चा भएको छ । ट्रम्पले मध्यपूर्व युद्धपछि हर्मुज जलघाँटी खुला भएकाले तेल आपूर्तिमा सुधार आएको उल्लेख गर्दै प्रतिबन्ध रणनीति चाँडै पुनः लागू हुन सक्ने बताए । यसअघि वासिङ्टनले समुद्रमा रहेका रूसी तेल ढुवानीका लागि केही प्रतिबन्ध छुट दिएको थियो ।

राष्ट्रपति पुटिनले भने युक्रेनका राष्ट्रपति जेलेन्स्कीसँग प्रत्यक्ष वार्ताको प्रस्ताव बारम्बार अस्वीकार गर्दै आएका छन् । मस्कोले युक्रेनको पूर्वी डोनबास क्षेत्रमाथि नियन्त्रण कायम गर्ने लक्ष्य दोहो¥याउँदै आएको छ । सन् २०२२ फेब्रुअरीमा सुरु भएको रूसको पूर्ण सैन्य आक्रमण दोस्रो विश्वयुद्धपछि युरोपकै सबैभन्दा ठूलो युद्धमा रूपान्तरण भएको छ र यसले अन्तर्राष्ट्रिय शक्ति सन्तुलनलाई गहिरो रूपमा प्रभावित गरेको छ । रासस

# चरन क्षेत्र संरक्षण र पुनःस्थापनामा जोड



**काठमाडौँ ।**
बुधबार विश्वका विभिन्न देशमा ‘चरन क्षेत्रः पहिचान, सम्मान र पुनःस्थापना’ नाराका साथ विविध चेतनामूलक कार्यक्रम आयोजना गरेर विश्व मरुभूमिकरण तथा खडेरीविरुद्ध दिवस मनाइएको छ ।

संयुक्त राष्ट्रसङ्घको महासभाले सन् १९९४ मा जुन १७ लाई विश्व मरुभूमिकरण तथा खडेरीविरुद्ध दिवसका रूपमा घोषणा गरेपछि सन् १९९५ देखि प्रत्येक वर्ष यो दिवस मनाउँन प्रारम्भ भएको हो मरुभूमिकरण, भूमि क्षयीकरण तथा खडेरीका चुनौतीबारे जनचेतना अभिवृद्धि गर्नुका साथै दिगो भूमि व्यवस्थापनका लागि अन्तरराष्ट्रिय सहकार्यलाई प्रवद्र्धन गर्ने उद्देश्यले यो दिवस मनाइने गरिन्छ ।

राष्ट्रसङ्घका अनुसार चरन क्षेत्र पृथ्वीको आधाभन्दा बढी भू–भागमा फैलिएका विश्वका सबैभन्दा व्यापक तर प्रायः बेवास्ता गरिएका पारिस्थितिक प्रणालीमध्ये एक हुन् । खाद्य सुरक्षा, जलचक्रको सन्तुलन, जैविक विविधता संरक्षण तथा जलवायु अनुकूलनमा चरन क्षेत्रको महत्वपूर्ण भूमिका रहेको छ । विश्वभर करिब दुई अर्ब मानिसको जीवनयापन यिनै चरन क्षेत्रसँग प्रत्यक्ष रूपमा जोडिएको छ, जसमा पशुपालक समुदाय तथा आदिवासी समुदायहरू प्रमुख छन् ।

यो दिवसका अवसरमा विश्व समुदायले चरन क्षेत्रको आर्थिक, पारिस्थितिक तथा सांस्कृतिक महत्वलाई स्वीकार गर्न, तिनका परम्परागत संरक्षकहरूको सम्मान गर्न तथा क्षयीकरण भएका चरन क्षेत्रको पुनस्थापनामा लगानी बढाउन आह्वान गरिएको छ ।

राष्ट्रसङ्घले विश्वका झन्डै आधा चरन क्षेत्र क्षयीकरण भइसकेका जनाएको छ । यसबाट खाद्य तथा पानीको सुरक्षा, जैविक विविधता, जलवायु सहनशीलता तथा ग्रामीण जीविकोपार्जनमा गम्भीर असर पर्ने चेतावनी दिइएको छ ।

विशेषज्ञहरूले पनि दिगो भूमि तथा जल व्यवस्थापन, खडेरीपूर्व तयारी र समुदायको सहभागितामा आधारित पुनस्थापना कार्यक्रमलाई प्रभावकारी समाधानका रूपमा अघि बढाउनुपर्ने बताएका छन् ।

# म्याग्दीमा नयाँ पदमार्गको सम्भाव्यता अध्ययन

**म्याग्दी ।**
म्याग्दीको धवलागिरि गाउँपालिकामा मुदी–गुर्जा–रुघाचौर–जलजला जोड्ने पदमार्गको सम्भाव्यता अध्ययन सुरु गरिएको छ ।

म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका विज्ञान, प्रविधि तथा नवप्रर्वतनमन्त्री महावीर पुनले पर्यटन विभागको सहयोगमा धवलागिरि गाउँपालिका–४ मुदीदेखि वडा नं १ गुर्जा हुँदै वडा नं २ मा पर्ने जलजला जोड्ने पदमार्गको सम्भाव्यता अध्ययन थालिएको जानकारी दिए ।

‘मुदीबाट बुधबार गुर्जातर्फ गएको पाँच जनाको टोलीले गुर्जादेखि ढोरपाटन सिकार आरक्षमा पर्ने रुघाचौर हुँदै जलजलासम्म पदमार्गको सम्भाव्यता अध्ययन गर्नेछ,’ उनले भने, ‘अर्को चरणमा बगरदेखि धौलागिरि आधार शिविर हुँदै मुस्ताङको टुकुचे जोड्ने पदमार्गको अध्ययन गरिनेछ ।’

मन्त्री पुनका बेनीस्थित सम्पर्क कार्यालयका प्रमुखसमेत रहेका पर्यटन अभियानकर्मी चित्र तिलिजा पुनको नेतृत्वमा रहेको टोलीमा धवलागिरि गाउँपालिका–२ का वडा सदस्य मिम पाइजा, मुदीका देउबहादुर घर्ती, हर्कबहादुर घर्ती र तीर्थबहादुर पाइजा सहभागी छन् ।

संयोजक तिलिजाले पहिलो चरणमा प्रस्तावित पदमार्गमा खानेपानी, सञ्चार, आवास, पदमार्गको अवस्था, आवश्यकता पहिचान, पर्यटकीय आकर्षणको अध्ययन तथा सरोकारवालासँग छलफल गरेपछि सम्भावना भएमा बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गरिने बताए ।

सडक विस्तारसँगै पुराना पदमार्ग विस्थापित र यात्रा अवधि छोटिएपछि नयाँ पदमार्ग पहिचान गरी पूर्वाधार निर्माण र प्रवद्र्धनका लागि स्थानीयवासी तथा जनप्रतिनिधिले माग गरेका थिए । धौलागिरि हिमाल र ढोरपाटन सिकार आरक्षलाई जोड्ने प्रस्तावित पदमार्ग साहासिक, प्राकृतिक र सांस्कृतिक हिसाबले सम्भावनायुक्त छ ।

धौलागिरि हिमालको फेदीमा रहेको मुदीमा मगर र दलित समुदायको बसोबास छ । लुकेको गाउँका रुपमा चिनिने गुर्जामा अल्पसङ्ख्यक छन्त्याल र दलित समुदायको बसोबास छ ।

गुर्जादेखि ढोरपाटन जाने बाटोमा पर्ने रुघाचौर र ढोरपाटन सिकार आरक्षमा समेटिएको जलजलाबाट मनमोहक दृष्यावलोकन गर्न सकिन्छ ।

सडक निर्माण हुने सम्भावना नभएको र बस्तीदेखि टाढा रहेको धौलागिरि–ढोरपाटन पदमार्ग दीर्घकालीन हिसाबले सम्भावनायुक्त हुने अपेक्षा गरिएको धवलागिरि गाउँपालिका–४ का अध्यक्ष यामप्रसाद घर्तीले बताए । रासस

# मेलम्चीको पानी वितरणका लागि पाइप बिछ्याउन सुरु

**काठमाडौँ ।**
मेलम्ची खानेपानी आयोजनाको पानी काठमाडौँ उपत्यकामा प्रभावकारी रूपमा वितरण गर्न सुन्दरीजल क्षेत्रमा १ हजार ८ सय मिलिमिटर व्यासको पाइप बिछ्याउने कार्य सुरु गरिएको छ ।

आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) का अनुसार यो नेपालमा पिआइडीद्वारा खानेपानी वितरणका लागि प्रयोग गरिने हालसम्मकै सबैभन्दा ठूलो साइज (व्यास) को पाइप हो ।

भक्तपुर, कीर्तिपुर, मध्यपुरथिमि, कपन, जोरपाटी तथा पेप्सीकोला क्षेत्रमा खानेपानी वितरण विस्तारका लागि निर्माण प्रक्रिया अगाडि बढाइएको निर्देशनालय प्रमुख एवं इन्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिए ।

‘पाँच क्षेत्रमा खानेपानी वितरण सञ्जाल विस्तारका लागि बोलपत्र आह्वान भइसकेको छ । अब चाँडै अन्य प्रक्रिया सुरु हुन्छ,’ इन्जिनियर श्रेष्ठले भने ।

उनका अनुसार मेलम्चीको पानीलाई काठमाडौँ उपत्यकाका विभिन्न क्षेत्रमा प्रभावकारी रूपमा पु¥याउन निर्देशनालयले दिन तथा रात दुवै सिफ्टमा कामम भइरहेको छ ।

हाल विभिन्न स्थानमा ‘रिजर्भ’ ट्याङ्की निर्माण, पाइपलाइन विस्तार तथा अन्य पूर्वाधार निर्माणका काम तीव्र गतिमा भइरहेका आयोजना कार्यान्वयन निर्देशनालयले जनाएको छ ।

बिछ्याइएका पाइपको परीक्षण सम्पन्न भएपछि सम्पूर्ण प्रणाली काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) लाई हस्तान्तरण गरिने जनाइएको छ ।

‘सिस्टम’ हस्तान्तरणपछि काठमाडौँवासीका घरघरमा नियमित रूपमा मेलम्चीको पानी वितरण गरिने अपेक्षा गरिएको प्रमुख एवं इन्जिनियर श्रेष्ठले बताए । रासस

# कालीकोटमा भेटियो रेडपान्डा

**कालीकोट ।**
कालीकोटका तीन वटा स्थानीय तहमा दुर्लभ वन्यजन्तु रेडपान्डा (हाब्रे) भेटिएको छ ।

जिल्लाको तिलागुफा नगरपालिका, महावै गाउँपालिका र शुभकालिका गाउँपालिका रेडपान्डा भेटिएको संरक्षण क्षेत्रमा लागेका सरकारी तथा गैरसरकारी संस्थाहरुले जनाएका छन् ।

तिलागुफा नगरपालिका–१० को रुरुबन्चु पाटन, शुभकालिका गाउँपालिका–६ को हाउडी लेकमा र महावै गाउँपालिका–२ को महावै पाटन क्षेत्रमा रेडपाण्डा भेटिएको उनीहरुको भनाइ छ ।

तिलागुफा नगरपालिका–१० स्थित रेडपान्डा संरक्षण वन क्षेत्र रुडुबञ्चुमा जैविक विविधता अनुगमनका क्रममा दुर्लभ रेडपान्डा भेटिएको हुरन्डेक नेपालका कालीकोट जिल्ला संयोजक दिलीपकुमार शाहीले बताए । ‘संस्थाले समुदायलाई संरक्षणमा लाग्न सचेतना जगाउने र बासस्थानका रुपमा रहेका निगालो एवं बाँसको जङ्गल नमास्न स्थानीयलाई आग्रह गर्दै आएको छ,’ उनले भने, ‘पालिकामा संरक्षणका क्षेत्रमा प्रभावकारी रुपमा भइरहेको छ ।’

तिलागुफा नगरपालिकाका प्रमुख महेन्द्रबहादुर शाहीले रुरुबञ्चु पाटनमा रेडपान्डा भेटिएको जानकारी दिँदा यसको संरक्षणका लागि स्थानीय तहले पहल गर्दै आएको बताए ।

‘विगतमा नगरपालिकाको पर्यटकीय क्षेत्रसमेत रहेको रुरुबन्चु पाटनमा रेडपान्डा भएको स्थानीयले बताउँदै आएका थिए । अहिले अनुसन्धान गर्दै जाँदा दुर्लभ बन्यजन्तु रेडपान्डा भेटिएको छ,’ उनले भने, ‘संरक्षणका लागि नगरपालिकाले सङ्घसंस्था मिलेर काम गरिरहेको छ । अहिले स्थानीयलाई जनचेतना जगाउने काम भइरहेको छ ।’

त्यस्तै, शुभकालिका गाउँपालिका–६ को हाउडी लेकमा पनि रेडपान्डाको बासस्थान भेटिएका गाउँपालिकाका अध्यक्ष गोविन्दप्रसाद आचार्यले बताए ।

‘हामीले विगतमा नै हाउडी लेकलगायत क्षेत्रमा रेडपान्डा भेटिएको पत्ता लगाएका थियौँ,’ उनले भने ।

महावै गाउँपालिकाको महावु पाटन क्षेत्रमा रेडपान्डाको उचित बासस्थान रहेको र त्यस क्षेत्रमा पनि रेडपान्डा भेटिएको गाउँपालिकाले जनाएको छ ।

रेडपान्डा विशेषगरी बाँस र निगालो पाइने चिसो वन क्षेत्रमा बसोबास गर्छ । जङ्गलमा घाँसदाउरा गर्दा हुने मानवीय चाप, डढेलो र कुकुरको आक्रमणका कारण रेडपान्डाको बासस्थान सङ्कट पर्दै गएको संरक्षणकर्मीहरुले बताउने गरेका छन् ।

# जैविक विविधतामाथि बढ्दो खतरा



**–इन्द्राकुमारी केसी/रासस**

कैलालीको गौरीगङ्गा नगरपालिका–४ स्थित वसन्ता हरियाली, कालिका तथा वडा नं ८ मा रहेको गौरीगणेश र शिवशक्ति सामुदायिक वन क्षेत्र जैविक विविधता संरक्षणका दृष्टिले अत्यन्त महत्वपूर्ण मानिन्छन् । हरियाली, प्राकृतिक सौन्दर्य र वन सम्पदाले समृद्ध यी वन क्षेत्र तराई र चुरे भूभागलाई जोड्ने महत्त्वपूर्ण जैविक कोरिडोर (वन्यजन्तु आवतजावत मार्ग) का रूपमा रहेका छन् ।

पूर्व–पश्चिम राजमार्गसँगै फैलिएको यो कोरिडोर वन्यजन्तुको नियमित आवागमन हुने क्षेत्र हो । डमरु हुर्काउनका लागि सो क्षेत्रमा पाटेबाघ पनि आउने गर्दछन । तर यही संवेदनशील वन क्षेत्र फोहर व्यवस्थापनको नाममा डम्पिङसाइटका रूपमा प्रयोग हुन थालेपछि यसको पर्यावरणीय महत्वमाथि गम्भीर चुनौती थपिँदै गएको छ ।

राजमार्ग छेउछाउमा जथाभावी फालिने फोहरले वन क्षेत्रको प्राकृतिक सौन्दर्य मात्रै होइन, समग्र पारिस्थितिक प्रणालीलाई नै जोखिममा पार्न थालेको छ । प्लास्टिकजन्यलगायत विभिन्न प्रकारका फोहर वन क्षेत्रमै थुपारिँदा वातावरणमा प्रत्यक्ष असर पु¥याएको छ भने वन्यजन्तुको वासस्थान, आहार प्रणाली र आवागमन मार्गसमेत प्रभावित हुन थालेका छन् ।

**फोहरको थुप्रोले वन क्षेत्र प्रभावित**

वन क्षेत्रमा फोहर व्यवस्थापनको समस्याले वातावरणीय सन्तुलन र जैविक विविधता संरक्षणमा गम्भीर चुनौती थपिएको छ । पूर्व–पश्चिम राजमार्गसँगै फैलिएको वसन्ताजस्तो संवेदनशील वन क्षेत्रमा वर्षौंदेखि फोहर फालिने क्रम जारी रहँदा यसको प्रत्यक्ष असर वन्यजन्तुको वासस्थान, वनस्पति र समग्र पारिस्थितिक प्रणालीमा पर्न थालेको छ । संरक्षणकर्मी विजयराज श्रेष्ठ भन्छन्, ‘जैविक मार्गभित्र जथाभावी फोहर फालिनु अत्यन्तै चिन्ताजनक विषय हो । वसन्ता जैविकमार्ग वन्यजन्तुको जीवन रेखा हो । यस्ता क्षेत्रमा फोहर फाल्दा वन्यजन्तुको प्राकृतिक वासस्थान माथि प्रत्यक्ष हस्तक्षेप भएको छ ।’

उनका अनुसार फोहरको बढ्दो असरले दीर्घकालीन रूपमा जैविक विविधता संरक्षणमा गम्भीर समस्या सिर्जना गर्नसक्छ । फोहर व्यवस्थापनको अव्यवस्थित अभ्यासले मानव–वन्यजन्तु द्वन्द्व बढाउने जोखिम रहेको छ । फोहरमा रहेका प्लास्टिकजन्य पदार्थ, रासायनिक अवशेष तथा अन्य प्रदूषकतत्वले माटोको उर्वराशक्ति घटाउने, पानीका स्रोतहरू प्रदूषित गर्ने तथा वनस्पतिको प्राकृतिक वृद्धि प्रक्रियामा असर पु¥याउने खतरा बढेको उनको भनाइ छ ।

वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गरिनु गम्भीर वातावरणीय चुनौती भएको डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्या बताउँछन् । वन क्षेत्रमा फोहर फालिँदा वन्यजन्तुको वासस्थान खण्डित हुने, जैविक विविधता घट्ने तथा माटो र पानी प्रदूषित हुने जोखिम बढ्दै गएको छ उनको भनाइ छ । ‘वन क्षेत्रमा जथाभावी फोहर फाल्ने कार्यले तत्काल मात्र होइन, दीर्घकालीन वातावरणीय सङ्कट निम्त्याउन सक्छ,’ उनी भन्छन् ।

फोहरको असर वन क्षेत्रभित्र मात्र सीमित छैन । वर्षायाममा डम्पिङसाइटमा थुप्रिएको फोहर बगेर खोलानाला, नदी तथा अन्य जलस्रोतसम्म पुग्ने गर्दछ । यसबाट प्लास्टिकजन्य पदार्थ र विभिन्न रसायन भूमिगत पानीमा मिसिने जोखिमसमेत बढेको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत विश्वराज पण्डित बताउँछन् । उनी, भन्छन्, ‘यसले स्थानीय बासिन्दाको स्वास्थ्य र वातावरण दुवैमा नकारात्मक प्रभाव पार्न सक्छ । पूर्व–पश्चिम राजमार्गसँगै रहेको यस क्षेत्रमा फैलिने दुर्गन्ध, दृश्य प्रदूषण र फोहरको थुप्रोले यात्रुहरूलाई समेत असहज बनाएको छ ।’ प्राकृतिक सौन्दर्यका लागि परिचित वसन्ता क्षेत्रको छविमा समेत यसले असर पु¥याउन थालेको स्थानीय गोविन्द शर्मा बताउँछन् ।

**विकल्पको अभावमा वन क्षेत्रमै डम्पिङ**

फोहर व्यवस्थापनका कारण वातावरणीय जोखिम बढ्दै गएका बेला स्थानीय तहहरू भने वैकल्पिक उपायको अभावसँग जुधिरहेका छन् । वन क्षेत्रभित्र डम्पिङसाइट सञ्चालन गरिनु उपयुक्त नभएको स्वीकार गरे पनि अधिकांश स्थानीय तहहरू वैकल्पिक स्थानको अभावका कारण बाध्यात्मक अवस्थामा रहेको बताउँछन् । गौरीगङ्गा नगरपालिकाले विगत लामो समयदेखि वसन्ता जैविक मार्गअन्तर्गत पर्ने वन क्षेत्रमा फोहर व्यवस्थापन गर्दै आएको छ । वातावरणीय दृष्टिले संवेदनशील मानिने यस क्षेत्रमा फोहर थुपार्दा वन्यजन्तु, वनस्पति तथा समग्र पारिस्थितिक प्रणालीमा नकारात्मक असर परिरहेको भए पनि तत्काल प्रयोग गर्न सकिने उपयुक्त स्थानको अभावले समस्या झन जटिल बनेको छ ।

गौरीगङ्गा नगरपालिकाका उपप्रमुख भोजबहादुर बम वन क्षेत्रमा डम्पिङसाइट सञ्चालन गर्नु नगरपालिकाको चाहना नभएको बताउँछन् । ‘उपयुक्त जमिन नपाउँदा बाध्य भई वन क्षेत्र प्रयोग गर्नु परेको हो । यो हाम्रो रोजाइ होइन,’ उनी भन्छन्, ‘हामीलाई पनि वन क्षेत्रमा फोहर फाल्नु उचित होइन भन्ने थाहा छ तर तत्काल प्रयोग गर्न सकिने अर्को विकल्प नभएकाले यही स्थान प्रयोग गर्नु परेको हो ।’ अहिले नयाँ स्थान पहिचानका लागि विभिन्न विकल्पहरूमा अध्ययन भइरहेको उनको भनाइ छ ।

फोहर व्यवस्थापनको समस्या केवल गौरीगङ्गा नगरपालिकामा मात्र सीमित छैन । कैलालीका अन्य स्थानीय तहहरू पनि यस्तै समस्याबाट प्रभावित छन् । बर्दगोरिया गाउँपालिका, घोडाघोडी नगरपालिका तथा लम्कीचुहा नगरपालिका लगायतका पनि वन क्षेत्रमै फोहर फालिरहेका छन् । घोडाघोडी नगरपालिकाका नगर प्रमुख खडक रावत भन्छन्, ‘सङ्घीय सरकारबाट फोहर व्यवस्थापनका लागि बजेट प्राप्त भए पनि उपयुक्त स्थानको अभावले बजेट फ्रिज हुँदै गएको छ । उनका अनुसार फोहर व्यवस्थापन केन्द्र निर्माणका लागि आवश्यक जमिन प्राप्त गर्न नसक्दा उपलब्ध स्रोत र बजेट प्रभावकारी रूपमा उपयोग हुन सकेको छैन । ‘योजना र बजेट हुँदाहुँदै पनि कार्यान्वयनको सबैभन्दा ठूलो चुनौती उपयुक्त स्थानको अभाव हो,’ रावत भन्छन्, ‘स्थानीयस्तरमा फोहर फाल्ने स्थान नहुँदा हाललाई वन क्षेत्रमा नै अस्थायी विकल्प अपनाउन बाध्य भएका छौँ ।’

स्थानीय तहहरू एकातिर वातावरणीय जोखिमबारे जानकार छन् भने अर्कोतिर व्यवहारिक रूपमा उपयुक्त विकल्पको अभावले उनीहरूलाई वन क्षेत्र प्रयोग गर्न बाध्य बनाएको छ । यस्तो अवस्थामा समस्या केवल व्यवस्थापनको कमजोरी मात्र नभई संरचनागत चुनौतीका रूपमा पनि देखिन थालेको छ ।

**फोहरबाट अवसर**

फोहर व्यवस्थापनको चुनौतीपूर्ण अवस्थाबीच सुदूरपश्चिम प्रदेशका केही स्थानीय तहहरुले भने फोहर व्यवस्थापनलाई समस्या होइन, अवसरका रूपमा उपयोग गर्ने अभ्यास सुरु गरेका छन् । यस्ता अभ्यासले फोहर व्यवस्थापनको समस्या समाधानको सम्भावना पनि देखाउँदै आएका छन् । वैज्ञानिक व्यवस्थापन, पर्याप्त लगानी र निजी क्षेत्रको सक्रिय सहभागिता भए फोहरलाई वातावरणीय जोखिमबाट आर्थिक अवसरमा रूपान्तरण गर्न सकिने उदाहरण प्रदेशमै स्थापित हुन थालेका छन् । कैलालीको गोदावरी नगरपालिकामा सञ्चालित एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र यस्तो सफल अभ्यासमध्ये एक हो । यहाँ सङ्कलित फोहरलाई वर्गीकरण गरी प्रशोधन तथा सुरक्षित व्यवस्थापन गरिँदै आएको छ, जसले वातावरणीय प्रदुषण न्यूनीकरणसँगै दिगो फोहर व्यवस्थापनको आधार तयार गरेको छ । चौकीडाँडा महिला सामुदायिक वन क्षेत्रमा करिब एक अर्ब रुपैयाँ लागतमा निर्माण गरिएको फोहर व्यवस्थापन केन्द्रमा फोहर छुट्टाउने, प्रशोधन गर्ने र पुनःप्रयोग गर्ने प्रणाली सञ्चालनमा छ । नगर प्रमुख वीरेन्द्र भट्टका अनुसार स्रोतमै फोहर वर्गीकरण गर्ने अभ्यासले व्यवस्थापनलाई सहज बनाएको छ भने राजस्व पनि प्राप्त हुँदै आएको छ ।

गोदावरी नगरपालिकाको फोहर व्यवस्थापन केन्द्रमा कार्यरत कामदारहरूको जीवनस्तरमा पनि परिवर्तन देखिन थालेको छ । गोदावरी नगरपालिका–१० की प्रियङ्का जोराइला विगत चार महिनादेखि फोहर व्यवस्थापन केन्द्रमा काम गर्दै आएकी छन् । यसअघि कपडा पसलमा काम गर्ने उनी अहिले फोहर छुटाइ तथा व्यवस्थापनको काममार्फत मासिक करिब १६ हजार रुपैयाँ आम्दानी गरिरहेकी छन् । त्यहाँ काम गर्ने जङ्गबहादुर चौधरी पनि लामो समयदेखि यही क्षेत्रमा संलग्न छन् । उनले फोहर व्यवस्थापनको काम सुरु गरेको करिब नौ वर्ष भइसकेको छ । निरन्तर यसै काममा खटिँदै आएका उनले मासिक करिब १७ हजार रुपैयाँ आम्दानी गर्दै आएका छन् । उनका अनुसार यो कामले रोजगारीको अवसर दिएको भए पनि फोहरसँगको प्रत्यक्ष सम्पर्क, दुर्गन्ध र स्वास्थ्य जोखिम भने निरन्तर चुनौतीका रूपमा रहेको छ ।

स्वच्छ वातावरण प्रालिले गोदावरी नगरपालिकाको फोहर व्यवस्थापनको जिम्मेवारी सम्हाल्दै आएको छ । कम्पनीका सञ्चालक गोविन्द रावलका अनुसार सङ्कलित फोहरमध्ये करिब ७० प्रतिशत पुनः प्रयोगयोग्य सामग्रीका रूपमा व्यवस्थापन गरिन्छ । सड्ने फोहरबाट जैविक मल उत्पादन गरिन्छ भने अन्य सामग्री पुन प्रयोगका लागि पठाइन्छ । फोहरलाई सही ढङ्गले व्यवस्थापन गर्न सकियो भने यो समस्या होइन, अवसर बन्न सक्ने उनी बताउँछन् । कम्पनीले वार्षिक रूपमा नगरपालिकालाई राजस्वसमेत बुझाउँदै आएको छ भने करिब एक सय जनालाई प्रत्यक्ष रोजगारी प्रदान गरेको छ ।

गोदावरीसँगै कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा पनि एकीकृत फोहरमैला व्यवस्थापन केन्द्र सञ्चालनमा आइसकेको छ । केन्द्र निर्माण हुनुअघि जङ्गल क्षेत्रमा फोहर व्यवस्थापन गरिँदै आएकोमा एक वर्षअघि केन्द्र सञ्चालनमा आएपछि व्यवस्थापन कार्य सहज भएको शुक्लाफाँटा नगरपालिकाका नगर प्रमुख रणबहादुर महराले बताए । दैनिक करिब छ टन फोहर सङ्कलन हुने अनुमानका आधारमा २० वर्षसम्म व्यवस्थापन गर्न सकिने गरी केन्द्र निर्माण गरिएको भए पनि हाल दैनिक करिब तीन टन मात्र फोहर सङ्कलन भइरहेको उनले जानकारी दिए । यस अवस्थालाई हेर्दा केन्द्रको आयु ४० वर्षसम्म पुग्नसक्ने नगरप्रमुख महराको भनाइ छ ।

उनका अनुसार केन्द्र सञ्चालनपछि ट्याक्टर चलाउनेदेखि फोहर छुट्याउनेसम्मका काममा स्थानीयवासी नै संलग्न रहेका छन्, जसले रोजगारीको अवसर पनि सिर्जना गरेको छ । धनगढीमा २२ हेक्टर, शुक्लाफाँटामा पाँच बिघा र अत्तरियामा पाँच हेक्टर क्षेत्रफलमा यस्ता संरचना निर्माण भएका छन् । एसियाली विकास बैंक (एडिबी) को सहयोगमा क्षेत्रीय शहरी विकास आयोजनाअन्तर्गत यी परियोजनाहरू अघि बढाइएका हुन् ।

कैलालीको धनगढी उपमहानगरपालिकामा पनि फोहर मैला व्यवस्थापन केन्द्र निर्माण भइसकेको छ तर सञ्चालनमा आउन बाँकी छ । उपमहानगरपालिकाले भने फोहर व्यवस्थापनका लागि विगतका वर्षहरु बाट नै निजी कम्पनीमार्फत ठेक्का लगाई आम्दानी गरिरहेको छ । उपमहानगरपालिकाले नकुहिने फोहरबाट आयआर्जन तथा कुहिने फोहरबाट मल बनाउने उद्देश्यका साथ २०८० साउनमा रु ३१ लाख ५५ हजार लगानीमा सुक्ष्म वर्गीकरण केन्द्र सञ्चालनमा ल्याएको थियो । यहाँको १९ वटै वडाबाट दैनिक ७० टन फोहर सङ्कलन हुने गर्दछ । यसमध्ये कुहिने फोहर केन्द्र नजिक रहेको बायोग्यास प्लान्टमा र मल उत्पादनका लागि प्रयोग भइरहेको छ ।

उपमहानगरपालिकाले सञ्चालनमा ल्याएको उक्त केन्द्रलाई निजी कम्पनीमार्फत ठेक्का लगाई फोहर बिक्री गर्दै आएको उपमहानगरपालिकाको वातावरण, खानेपानी तथा सरसफाइ व्यवस्थापन शाखा प्रमुख अशोक अवस्थी बताउँछन् ।

धनगढीको नन्दादेवी सेवा केन्द्रलाई आव २०८१÷८२ मा ७२ लाख रुपैयाँमा पाँच वर्षका लागि ठेक्का दिइएको छ । ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्ने गरी ठेक्का सम्झौता गरेको अवस्थीले बताए । ठेकेदार कम्पनीसँग पहिलो वर्षको ठेक्का रकमअनुसार प्रत्येक वर्ष १० प्रतिशतले पाँच वर्षसम्म रकम वृद्धि गर्ने गरी ठेक्का सम्झौता गरेको छ ।

यी अभ्यासहरूले फोहर व्यवस्थापनलाई केवल सरसफाइको विषयमा सीमित नराखी वातावरण संरक्षण र आर्थिक अवसरसँग जोड्न सकिने सम्भावना देखाएका छन् तर संवेदनशील वन क्षेत्रमा अझै पनि फोहर थुपारिने अभ्यास जारी रहनु भने चुनौतीपूर्ण पक्षका रूपमा देखिएको छ । यसले स्पष्ट गर्छ कि फोहर व्यवस्थापनको समस्या केवल स्रोतको अभाव होइन, नीति कार्यान्वयन र दीर्घकालीन व्यवस्थापन दृष्टिकोणसँग पनि गहिरो रूपमा जोडिएको छ ।

## पटेर्वासुगौलीले ल्यायो ४१ करोड १९ लाखको नीति तथा कार्यक्रम,

# स्वास्थ्य–शिक्षा र रोजगारीमा विशेष जोड





**मधेशदृष्टि**
**वीरगंज ।**
पटेर्वासुगौली गाउँपालिकाको गाउँसभाको सत्रौँ अधिवेशनको पहिलो बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिएको छ । गाउँपालिका उपाध्यक्ष ममता महतोले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा स्वास्थ्य, शिक्षा, रोजगार, कृषि, सिँचाइ तथा स्थानीय आर्थिक विकासलाई प्राथमिकतामा राखिएको छ । गाउँपालिकाले यस वर्ष 'स्थानीय स्रोत, स्थानीय रोजगारी—एक गाउँ, एक उद्यम, एक पहिचान, हाम्रो अभियान !' भन्ने मूल नारालाई केन्द्रमा राख्दै सम्पूर्ण आर्थिक तथा विकास गतिविधि सञ्चालन गर्ने नीति लिएको छ ।
ऐतिहासिक एवं धार्मिक महत्व बोकेको श्री श्री १०८ श्री दुधेश्वरनाथ महादेव (भाथा बाबा) को नगरीका रूपमा परिचित पटेर्वा सुगौलीका नागरिकको आवश्यकता सम्बोधन गर्दै छिटो, प्रभावकारी र प्रतिफलमुखी विकासलाई प्राथमिकता दिइएको छ ।
उपाध्यक्ष महतोले नीति तथा कार्यक्रम प्रस्तुत गर्दै कार्यान्वयन गर्न नसकिने महत्वाकांक्षी योजना ल्याएर नागरिकमा भ्रम सिर्जना गर्नुको सट्टा कार्यान्वयनयोग्य, संक्षिप्त र परिणाममुखी कार्यक्रमलाई प्राथमिकता दिइएको बताइन् । 'ठूला कागजी दस्तावेजभन्दा जनताले प्रत्यक्ष अनुभूति गर्न सक्ने कार्यक्रम नै हाम्रो लक्ष्य हो,' उनले भनिन् ।
अधिवेशनलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष दिनेश कुमार चौधरीले आर्थिक वर्ष २०८२/८३ मा गाउँपालिकाले हासिल गरेका महत्वपूर्ण उपलब्धिहरूको समीक्षा गरे । उनले ग्रामीण क्षेत्रकै पहिलो '१५ शय्याको आधारभूत अस्पताल' निर्माण सम्पन्न भई सञ्चालनमा आएको जानकारी दिए । उक्त अस्पताल मधेश प्रदेशमै गाउँपालिकाद्वारा निर्माण गरिएको पहिलो अस्पताल भएको दाबी गर्दै उनले अस्पतालमा आधुनिक प्रयोगशाला सेवा, भिडियो एक्स–रे, दन्त उपचार, आयुर्वेद सेवा तथा प्रत्येक महिनाको अन्तिम शुक्रबार स्त्रीरोग तथा बालरोग विशेषज्ञद्वारा स्वास्थ्य सेवा उपलब्ध भइरहेको बताए । अध्यक्ष चौधरीका अनुसार एन.एस.आई. सँगको सम्झौतापश्चात आगामी साउन महिनादेखि अस्पतालमा ई.सि.ओ. तथा शल्यक्रिया सेवा समेत सञ्चालनमा ल्याइनेछ । साथै गाउँपालिकाभित्र लागुऔषध दुरुपयोग नियन्त्रणका लागि विशेष कार्यक्रम सञ्चालन गरिने जानकारी पनि उनले दिए ।
कार्यक्रममा बोल्दै वडा अध्यक्ष विजय गैरेले गाउँपालिकाको समग्र विकासका लागि साझा अवधारणा निर्माण गरी कार्यान्वयनयोग्य नीति तथा कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गर्न सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिए ।
गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ४१ करोड १९ लाख ४४ हजार रुपैयाँ बराबरको बजेट सीमाभित्र रहेर बजेट तथा कार्यक्रम निर्माण गर्ने भएको छ । अनुमानित स्रोतअनुसार संघीय समानीकरण अनुदानबाट रु. ९ करोड ४० लाख, प्रदेश समानीकरण अनुदानबाट ६६ लाख रुपैयाँ, संघीय राजस्व बाँडफाँडबाट ८ करोड ८९ लाख ४४ हजार रुपैयाँ, प्रदेश राजस्व बाँडफाँडबाट ७५ लाख रुपैयाँ, संघीय विशेष अनुदानबाट १ करोड रुपैयाँ, संघीय समपूरक अनुदानबाट १ करोड २९ लाख रुपैयाँ, संघीय सशर्त अनुदानबाट १६ करोड ४० लाख रुपैयाँ, आन्तरिक स्रोतबाट १ करोड ५० लाख रुपैयाँ तथा प्रदेशका अन्य अनुदानबाट १ करोड ३० लाख रुपैयाँ प्राप्त हुने अनुमान गरिएको छ ।
गाउँपालिकाले आगामी वर्ष स्वास्थ्य, शिक्षा, कृषि उत्पादन वृद्धि, सिँचाइ विस्तार, स्थानीय उद्यम प्रवद्र्धन तथा रोजगारी सिर्जनालाई केन्द्रमा राखेर विकास कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ । स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै समावेशी, दिगो र परिणाममुखी विकासमार्फत नागरिकको जीवनस्तर उकास्ने लक्ष्यसहित नीति तथा कार्यक्रम अघि बढाइएको गाउँपालिकाले जनाएको छ ।

# आतंकवादी गतिविधिमा संलग्न मौलाना इजारुल हक पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मंगलबार बिहान, बिहारको मधुबनीको भौदामा, मध्य प्रदेश विशेष कार्यदलको टोलीले मधुबनी प्रहरीको सहयोगमा मौलाना इजारुल हकलाई पक्राउ गरेको छ । पक्राउले मधुबनीभरि स्तब्ध पारेको छ ।
मौलानाको पाकिस्तानको गुप्तचर निकायसँग सम्बन्ध पाइएको छ । उनले गजवा–ए–हिन्दका लागि आधार तयार गर्न मधुबनी जिल्ला र नेपालभरि व्हाट्सएप समूहहरू प्रयोग गरेको पाइएको छ । उनले यस उद्देश्यका लागि मधुबनी र नेपालका मदरसाहरूमा बैठकहरू आयोजना गर्थे । उनले पाकिस्तानी गुप्तचरहरुलाई सिम कार्डहरू पनि प्रदान गरेको पाइएको छ ।
मौलाना इजारुल हक एक मुस्लिम विद्वानको रूपमा चिनिन्थे र धार्मिक कार्यक्रमहरूमा आफ्ना भाषणहरूले मानिसहरूलाई प्रभाव पार्न आफ्नो वक्तृत्व कौशल प्रयोग गर्थे । हकलाई मध्य प्रदेश लगिएको छ ।

# पत्रकार महासंघले बुझायो मेयरलाई ज्ञापनपत्र

**मधेशदृष्टि**
**पर्सा ।**
नेपाल पत्रकार महासंघ पर्साले सञ्चारसम्बन्धी नीतिप्रति असन्तुष्टि जनाउँदै आफ्ना माग तत्काल सम्बोधन गर्न माग गरेको छ । महासंघले महानगरका कार्यवाहक प्रमुख इम्तियाज आलमलाई ज्ञापनपत्र बुझाउँदै लामो समयदेखि सञ्चालनमा रहेका साप्ताहिक पत्रपत्रिकालाई लोककल्याणकारी सूचना लगायतका सुविधाबाट वञ्चित गरिएको तथा सञ्चारमाध्यमबीच असमान व्यवहार गरिएको जनाएको छ ।
यस्तो अभ्यासले प्रेस स्वतन्त्रता र सञ्चारमैत्री वातावरणमा नकारात्मक असर पर्ने महासंघको भनाइ छ ।
महासंघले महानगरको कानुनमा व्यवस्था भएअनुसार ज्येष्ठ पत्रकारका लागि पेन्सन तथा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्न पनि माग गरेको छ । साथै, विभिन्न समयमा प्रकाशित तथा प्रसारित सूचनाबापत सञ्चारमाध्यमले पाउनुपर्ने भुक्तानी रकम वि.सं. २०८० देखि रोकिएको उल्लेख गर्दै तत्काल निकासा गर्न आग्रह गरेको छ । भुक्तानीमा भएको ढिलाइका कारण स्थानीय सञ्चार संस्थाहरू आर्थिक समस्यामा परेको र पत्रकारिता पेशा सञ्चालनमा समेत असर परेको महासंघको भनाइ छ ।
स्थानीय सञ्चार क्षेत्रको विकास र श्रमजीवी पत्रकारको हितका लागि महासंघले महानगरसमक्ष पाँच बुँदे माग पेश गरेको छ ।

# विश्वका ८० करोडको रोजिरोटी बनेको छ रेमिट्यान्स



**काठमाडौँ ।**
बुधबार अन्तरराष्ट्रिय परिवार विप्रेषण दिवस (आइडिएफआर) विश्वभर विभिन्न कार्यक्रमका साथ मनाइएको छ । संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा मान्यता प्राप्त यो दिवस हरेक वर्ष जुन १६ मा मनाइन्छ ।
विश्वका २० करोडभन्दा बढी आप्रवासी श्रमिकले आफ्नो परिवार र समुदायको जीवनस्तर उकास्न पु¥याएको योगदानको सम्मानमा दिवस मनाइँदै आइएको छ ।
यस वर्षको दिवसका अवसरमा आइडिएफआरले विप्रेषणलाई केवल पारिवारिक खर्च धान्ने माध्यमका रूपमा मात्र नभई ग्रामीण उद्यमशीलता, रोजगारी सिर्जना तथा स्थानीय आर्थिक रूपान्तरणको महत्वपूर्ण स्रोतका रूपमा उपयोग गर्न आह्वान गरेको छ ।
संयुक्त राष्ट्रसङ्घका अनुसार आप्रवासी श्रमिकहरूले पठाउने विप्रेषणबाट विश्वभर करिब ८० करोड परिवारका सदस्य लाभान्वित छन् । विगत एक दशकमा आप्रवासीहरूले न्यून तथा मध्यम आय भएका मुलुकहरूमा करिब पाँच खर्ब अमेरिकी डलर विप्रेषण पठाएका छन् । जुन वैदेशिक विकास सहायता रकमभन्दा बढी तथा प्रत्यक्ष वैदेशिक लगानीसरह रहेको उल्लेख गरिएको छ । तीमध्ये एकतिहाइभन्दा बढी रकम ग्रामीण क्षेत्रमा पुगेको अनुमान छ ।
अभियानले विश्वका करिब ४४ प्रतिशत जनसङ्ख्या ग्रामीण क्षेत्रमा बसोबास गर्ने र अत्यधिक गरिबीमा रहेका झण्डै ८० प्रतिशत मानिस पनि यिनै क्षेत्रमा केन्द्रित रहेको उल्लेख गर्दै ग्रामीण क्षेत्रहरू जलवायुजन्य विपद्, बजार अस्थिरता र आर्थिक जोखिमको सामना गरिरहेका भए पनि विकासका अपार सम्भावना बोकेको जनाएको छ ।
हाल न्यून तथा मध्यम आय भएका मुलुकहरूमा वार्षिक करिब ७ सय अर्ब अमेरिकी डलर बराबरको विप्रेषण भित्रिने गरेको छ । सन् २०३० सम्म थप ४.४ खर्ब अमेरिकी डलर विप्रेषण यस्ता मुलुकहरूमा प्रवाह हुने अनुमान गरिएको छ ।
दिगो विकासका लागि सन् २०३० को कार्यसूचीअन्तर्गत रहेको दिगो विकास लक्ष्य १० (सी) ले आप्रवासी विप्रेषणको कारोबार लागत तीन प्रतिशतभन्दा कममा झार्ने तथा पाँच प्रतिशतभन्दा बढी लागत लाग्ने मार्गहरू हटाउने लक्ष्य लिएको छ । विप्रेषणले गरिबी न्यूनीकरण, खाद्य सुरक्षा, शिक्षा, स्वास्थ्य, आवास तथा आर्थिक स्थायित्वलगायत विभिन्न दिगो विकास लक्ष्य हासिल गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान पु¥याउने बताइएको छ ।
अभियानले निजी क्षेत्रलाई सस्तो, पहुँचयोग्य तथा प्रतिस्पर्धी विप्रेषण सेवा विस्तार गर्न, विप्रेषणसँग आबद्ध वित्तीय उत्पादन विकास गर्न तथा प्रवासी समुदायको पूँजी र उद्यमशीलतालाई ग्रामीण बजार सुदृढीकरणमा परिचालन गर्न आग्रह गरेको छ । त्यसैगरी सार्वजनिक क्षेत्रलाई डिजिटल वित्तीय समावेशीकरण, लगानीमैत्री नीति तथा ग्रामीण बजार एकीकरणका लागि आवश्यक पूर्वाधार विकास गर्न सुझाव दिइएको छ ।
हाल विप्रेषणको करिब ७५ प्रतिशत हिस्सा परिवारका तत्कालीन आवश्यकतामा खर्च हुने गरेको र बाँकी २५ प्रतिशत अर्थात् वार्षिक १ सय अर्ब अमेरिकी डलरभन्दा बढी रकम बचत तथा लगानीका लागि उपयोग हुन सक्ने अनुमान गरिएको छ । उपयुक्त वित्तीय सेवा र लगानीका अवसर उपलब्ध गराउन सके विप्रेषणलाई दीर्घकालीन आर्थिक विकास, उद्यम विस्तार तथा रोजगारी सिर्जनाको आधार बनाउन सकिने अभियानले जनाएको छ ।
विश्वका ८० भन्दाबढी मुलुकको कुल गार्हस्थ्य उत्पादनमा विप्रेषणको हिस्सा कम्तीमा तीन प्रतिशत रहेको तथा ३० वटा मुलुकमा यो हिस्सा १० प्रतिशतभन्दा बढी रहेको तथ्याङ्कले विप्रेषण सामाजिक–आर्थिक रूपान्तरणको महत्वपूर्ण आधार बनेको देखाएको छ । विशेषगरी ग्रामीण क्षेत्रमा विप्रेषणले आर्थिक गतिविधि विस्तार, जीविकोपार्जन सुधार तथा समुदायको उत्थानमा महत्वपूर्ण योगदान पु¥याइरहेको उल्लेख गरिएको छ ।

# नागढुङ्गा सुरुङमार्गमा साउनदेखि सञ्चालनको तयारी



**काठमाडौँ ।**
नागढुङ्गा–नौबिसे सुरुङमार्गबाट सवारीसाधन साउन महिनादेखि सञ्चालनमा ल्याउनेगरी आवश्यक तयारी थालिएको छ ।
नेपालको बहुप्रतिक्षित सुरुङमार्ग आयोजना सञ्चालनमा आएसँगै नौबिसे–नागढुङ्गा सडकखण्डमा हुने सवारी आवतजावत सहज हुने अपेक्षा गरिएको छ ।
नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाका आयोजना निर्देशक सौजन्य नेपालले आगामी साउनभित्रै नागढुङ्गा सुरुङमार्ग सञ्चालन गर्ने गरी आन्तरिक तयारी थालिएको जानकारी दिए । 'सुरुङमार्गभित्रका सबैजसो काम सकिसकेको छ । सुरुङभित्र हुने आकस्मिक कुनै घटना भएमा

*बाँकी पृष्ठ २ मा*

# समाभुखको भूमिका शंकास्पद भएको यादवको आशंका

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसका सांसद चन्द्रमोहन यादवले सभामुख डोलप्रसाद (डीपी) अर्यालको भूमिकामाथि प्रश्न उठाएका छन् । बुधबारको प्रतिनिधिसभा बैठकमा उनले सभामुखको रास्वपासँगको 'नाभि नकाटिएको' आरोप लगाए ।
उनले सदनको अभिभावकको रूपमा सम्मान बढाउनुपर्ने बताए । प्रधानमन्त्रीले सीमाबारे दिएको अभिव्यक्तिपछि छिमेकी राष्ट्रसँग सम्बन्धलाई मजाक बनाइएको बताए । उनले प्रधानमन्त्रीले दिएको अभिव्यक्तिमा रास्वपाका सांसदले प्रधानमन्त्रीको अभिव्यक्तिमा टेबल ठोकेको भन्दै आपत्ति जनाए ।
यता संसद्मा आफ्नो आचरणमाथि प्रश्न उठाइएपछि सभामुख डोलप्रसाद अर्यालले त्यसप्रति आफ्नो ध्यानाकर्षण भएको बताएका छन् ।
नेपाली कांग्रेसका सांसद चन्द्रमोहन यादवले सीमा विवादबारे प्रधानमन्त्री बालेन्द्र शाह (बालेन)को विवादित अभिव्यक्तिउपर रुलिङ नगरेको भनेर सभामुख अर्यालमाथि नै प्रश्न उठाएका थिए । यो विषयमा लगत्तै सभामा नियमापत्ति भयो ।
रास्वपाका सांसद गणेश कार्कीले प्रतिनिधिसभा नियमावलीको नियम २१ को 'ख' मा सभामुखले पद अनुकुलको आचरण गरेको छैन भन्ने प्रस्तावमा बाहेक सभामुखको आलोचना गर्न नपाइने प्रावधान राखेको स्मरण गराए । त्यसपछि सभामुख अर्यालले यो विषयमा ध्यानाकर्षण भएको बताएका हुन् ।

# चार जिल्लाका सीमामा फिल्ड सर्वेक्षण

**मधेशदृष्टि**
**बाँके ।**
नेपाल–भारत सीमा क्षेत्रमा रहेका सीमा स्तम्भहरूको अवस्था अध्ययन, अभिलेखीकरण तथा मर्मतसम्भारका लागि सञ्चालन गरिएको तीन महिने फिल्ड सर्वेक्षण सम्पन्न भएको छ । तीन महिनादेखि खटिएको प्राविधिक टोलीले बाँके, दाङ, कपिलवस्तु र नवलपरासी क्षेत्रका सीमा स्तम्भहरूको प्राविधिक अध्ययन पूरा गरेको हो । सर्वेक्षणका क्रममा सीमा स्तम्भको अवस्थिति यकिन गर्ने, हराएका वा क्षतिग्रस्त स्तम्भहरूको विवरण सङ्कलन गर्ने तथा अभिलेख अद्यावधिक गर्ने काम गरिएको छ । नेपाल–भारत सीमासम्बन्धी द्विपक्षीय बैठकपछि गठन गरिएको फिल्ड सर्वेक्षण टोली नम्बर ३ ले नवलपरासीको त्रिवेणीघाटदेखि बर्दियाको कर्णाली क्षेत्रसम्मको सीमा क्षेत्रमा कार्य गरेको थियो । टोलीको कार्यक्षेत्र नवलपरासी, रूपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया गरी छ जिल्ला रहे पनि यसपटक मुख्य रूपमा बाँके, दाङ र कपिलवस्तुमा सीमा स्तम्भ निर्माण तथा मर्मतसम्भारको काम गरिएको छ । नापी विभागका प्रमुख नापी अधिकृत खिम रानाका अनुसार नेपाल र भारत दुवै पक्षको सहकार्यमा ४२ वटा नयाँ सीमा स्तम्भ निर्माण गरिएको छ भने एक सय नौ वटा सीमा स्तम्भको मर्मतसम्भार सम्पन्न गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन